सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

जनहितमा जारी सन्देश
- वर्षात्को बेला छ, फोहर भयो भने विभिन्न रोग तथा हानिकारक जीवाणु, कीरा-फट्याङ्ग्राको प्रकोप बढ्छ ।
- आफ्नो घर-आँगन तथा नगर सफा राखौं । सरसफाइ सभ्यताको प्रतीक हो । दैनिक व्यायाम गरौं, स्वस्थ र नीरोग रहौं ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ असार १८ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 July 02 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३००

## ज्यामी नपाएर बझियानमा धान रोपाइँ प्रभावित


बीउ तयार छ, खेत पनि तयार छ तर ज्यामी नपाउँदा रोपाइँ हुन सकेको छैन । तस्वीरः प्रतीक

धर्मेन्द्र चौरसिया, पोखरिया, १७ असार/

पर्सा जिल्लाको बझियान क्षेत्रमा ज्यामी अभावले अहिले धान रोपाइँ प्रभावित भएको छ ।


एक सातादेखि पानी पर्दा गण्डक नहरदेखि दक्षिण क्षेत्रको बझियानमा रोपाइँ शुरू भएको हो । रोपाइँ शुरू भएपनि ज्यामी नपाउँदा आशाप्रदरूपमा रोपाइँ हुन नसकेको एकजना किसानले बताए ।

बझियानमा ज्यामीको ज्याला अन्यत्रभन्दा कम भएकोले यहाँका ज्यामीहरू ठोरी गाउँपालिका र चितवन जिल्लामा गएर ठेक्कामा काम गर्छन् । ठेक्कामा काम गर्दा सो क्षेत्रमा उनीहरूलाई दैनिक हजारदेखि डेढ हजार रुपैयाँ आम्दानी हुन्छ । बझियानमा भने दिनभरि कमाउँदा प्रतिकट्ठा रु ३०० र भुजापकौडी नास्ता खुवाइन्छ । थरुहट क्षेत्रमा ज्यामीलाई रु २५० ज्याला र मासुभात खुवाइन्छ ।

दैनिक ज्याला मजदूरी कम भएको कारणले नै यहाँका ज्यामीहरू अन्यत्र जाने गरेका छन् र यहाँको रोपाइँ प्रभावित हुने गरेको छ । समयमा धान रोपाइँ नहोला भन्ने चिन्ता यहाँका किसानलाई छ । धानको बीउ तयारी अवस्थामा रहेको तर ज्यामीको कारण रोपाइँ हुन नसक्दा धेरैजसो किसानले आलोपालो गरी एकअर्कालाई सहयोग गरेर रोपाइँलाई निरन्तरता दिएका छन् ।

धान रोपाइँको बेलामा भारतबाट आउने ज्यामीहरू पनि ठोरी र चितवनतिर नै जान्छन् । उनीहरूलाई उतै पारिश्रमिक राम्रो पाउने हुनाले यतातिर आउँदैनन् ।

## महानगरमा नयाँ तीन पाङ्ग्रे सवारी दर्तामा रोक



यातायात व्यवस्था कार्यालयमा तीन पाङ्ग्रे सवारीबारे छलफल गर्दै उपभोक्ता हकहित समितिका पदाधिकारी र मन्त्रालयले महानगरमा तीन पाङ्ग्रे दर्ता नगर्न जारी गरेको निर्देशनपत्र । तस्वीरः प्रतीक

प्रस, वीरगंज, १७ असार/

वीरगंज महानगरपालिका कार्यालयको आग्रहपछि श्रम तथा यातायात मन्त्रालयले तीन वर्षसम्म महानगरमा तीन पाङ्ग्रे सवारीसाधनको दर्ता बन्द गरेको छ ।

वीरगंज महानगरपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले असार ४ गते यातायात व्यवस्था कार्यालय, वीरगंजलाई पत्राचार गर्दै महानगरमा तीन पाङ्ग्रे सवारीसाधनको चाप अत्यधिक बढेकाले तीन वर्षसम्मका लागि सवारी दर्ता रोक्न आग्रह गरेका थिए ।

महानगरको सोही पत्रका आधारमा श्रम तथा यातायात मन्त्रालयले मातहतको वीरगंजस्थित कार्यालयलाई महानगरमा नयाँ तीन पाङ्ग्रे सवारीसाधन सञ्चालनका लागि रूट परमिट जारी नगर्न निर्देशनात्मक पत्राचार गरेको यातायात व्यवस्था कार्यालय, पर्साका प्रमुख उमेश रेग्मीले बताए । उनले कार्यालयबाट दर्ताको प्रक्रिया नरोकिने तर महानगरमा सञ्चालनका लागि भने रूट परमिट जारी नहुने बताए ।

उपभोक्ता हकहित संरक्षण मञ्चका अध्यक्ष अजय अधिकारीले महानगरपालिकाले आफ्नो क्षेत्रमा रोक लगाउन सक्ने तथा दर्ता प्रक्रिया तीन वर्षका लागि रोक्न भन्नु गलत भएको बताए । उनले महानगरपालिकामा सञ्चालन रोक लगाएर अन्यत्र सञ्चालनका लागि दर्ता प्रक्रिया जारी राख्ने मन्त्रालयको निर्णय ठीक भएको प्रतिक्रिया दिएका छन् ।

वीरगंजमा २०७२ सालदेखि तीन पाङ्ग्रे सवारीसाधन (ई-रिक्शा, टेम्पो) सञ्चालन भएको थियो । त्यस अघि अधिकांश विक्रम टेम्पो इजाजतविना सञ्चालनमा थिए । मधेस आन्दोलनको क्रममा नाकाबन्दी भएपछि दुई/तीन वटा ई-रिक्शा सञ्चालनमा आएर लोकप्रिय भएपछि वीरगंजमा हजारौंको सङ्ख्यामा ई-रिक्शा, टेम्पो सञ्चालनमा आएका हुन् । पर्सा जिल्लामा नै तीन पाङ्ग्रे सवारीसाधनको सङ्ख्या अहिले व्यापक भएको छ । तीन पाङ्ग्रे सवारीसाधनहरूको व्यापकताले कुनै बखत रिक्शा र टाँगाको बाहुल्यता रहेको वीरगंजबाट अहिले रिक्शा र टाँगा प्रायः लोप अवस्थामा छन् । वीमनपामा अधिकांश ई-रिक्शा र टेम्पो अहिले विनादर्ता सञ्चालनमा छन् । यातायात व्यवस्था कार्यालय र महानगरपालिकामा दर्ताविना सञ्चालनमा रहेका तीन पाङ्ग्रे सवारीसाधनहरूलाई नियन्त्रण गर्न सकिएको छैन ।

## बालयौन दुराचारमा बमजनलाई १० वर्ष कैद, पाँच लाख जरिवाना

जीतलाल श्रेष्ठ, निजगढ, १७ असार/

तपस्वी भएको दाबी गर्दै आएका बाराको साबिक रतनपुरी गाविस-५ हाल निजगढ नगरपालिका-१२ बुङ्जोरका बस्दै आएकी १८ वर्षीया किशोरीलाई बालयौन दुरुपयोग गरेको भन्दै सर्लाही जिल्ला अदालतमा मुद्दा दायर भएको थियो । आरोपित बमजनलाई जारी


तस्वीरः प्रतीक


रामबहादुर भनिने रामलाल बमजनलाई यौन सन्तुष्टि प्राप्त गर्न बालयौन दुराचारको कसूरमा दोषी ठहर गर्दै १० वर्ष कैद सजायसहित पाँच लाख रुपैयाँ क्षतिपूर्ति भराउने फैसला सोमवार सर्लाही जिल्ला अदालतले गरेको छ ।

यही असार १० गते सोमवार जिल्ला न्यायाधीश जीवनकुमार भण्डारीको इजलासले आरोपी बमजनलाई दोषी ठहर गरेसँगै आज १७ गते सोमवार न्यायाधीश भण्डारीको इजलासले सोही सजाय र क्षतिपूर्ति भर्न आदेश गरेको सर्लाही जिल्ला अदालतका श्रेस्तेदार सुदन अधिकारीले बताए ।

बमजनमाथि सर्लाहीकी रीता बोट, नुवाकोटकी कर्मा तामाङ, मकवानपुरकी फुलमाया रुम्बा, सञ्चमान वाइवा र बाराका सुरेश आलेमगरलाई बेपत्ता पारेको अभियोग पनि लागेको थियो । बमजनका अनुयायी रही वर्षौंदेखि आश्रममा रहँदा उनीहरू सबैलाई सिन्धुलीस्थित पहिरे डाँडा आश्रमबाट बेपत्ता बनाइएको प्रहरीले जनाएको छ ।

बमजनको आश्रममा लामो समयदेखि भएको पक्राउ पुर्जी २०७७/०७/२४ गते उनको निजगढ नपा-१२ बुङ्जोरस्थित घरमा प्रहरीले टाँस गरेको थियो ।

सर्लाहीस्थित बमजनको आश्रममा बालयौन दुराचार भएको जाहेरी परेको थियो । २०७६ भदौ ३० गते महिला अधिकारकर्मीको सहयोगमा आफू बमजनको आश्रममा बमजनद्वारा नै पटकपटक बलात्कृत भएको १८ वर्षीया एकजना अनुयायीले ललितपुरमा पत्रकार सम्मेलन गरी खुलासा गरेकी थिइन् ।

बमजनविरुद्ध उजूरी परेसँगै २०७६ सालदेखि प्रहरीको खोजी सूचीमा रहेका उनलाई सिन्धुलीस्थित पहिरे डाँडामा रहेको उनको विशाल आश्रममा पटकपटक घेराहाली छापा मारे पनि फेला परेका थिएनन् । उनलाई २०८० पुस २४ गते नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले काठमाडौंस्थित घरबाट पक्राउ गरेको थियो । प्रहरीको विशेष सुरक्षाका साथ उनलाई महोत्तरीको जलेश्वरस्थित कारागारमा राखिएको थियो ।

२०६२ जेठ २ गते बाराको रतनपुरस्थित कल्की सामुदायिक वन उपभोक्ता समूहको पाँच हेक्टर वन क्षेत्र र बाराको राष्ट्रिय वन क्षेत्रको कोर एरियास्थित हलखोरिया वन क्षेत्रमा दुई सय हेक्टरभन्दा बढी राष्ट्रिय वन क्षेत्रमा कब्जा जमाउँदै आएका थिए । किर्ते जन्मदर्ता बनाइ धर्मसङ्घ बमजनको नाउँमा रातो पासपोर्ट राज्यले उपलब्ध गराउनुपर्ने माग राख्दै उनका अनुयायीहरूले त्यस बेला राजमार्गको बारास्थित पसाहा पुलमा सडक अवरुद्ध गरेसँगै बाराका वन सुरक्षाकर्मी र प्रहरी प्रशासनले बलपूर्वक हटाएका थिए । उनले त्यस बेला बाराको बरियापुरस्थित पञ्चवर्षीय विश्वप्रसिद्ध गढीमाई मन्दिरमा दिइने पशुबलि रोक्न स्वयम् आफू उपस्थित हुने बताए पनि गढीमाईमा देखा परेनन् ।

त्यसपछि बमजन तीन महीनापछि एक युवतीसहित पूर्व-पश्चिम महेन्द्र राजमार्गको १६ किलोमिटर सडकमा रातको करीब ८:१५ बजे पश्चिमबाट पूर्व निजगढतर्फ पैदल आइरहेका थिए । गस्तीमा रहेका इलाका प्रहरी कार्यालय, निजगढका तत्कालीन प्रहरी निरीक्षक रवि रावलको कमान्डमा रहेका सुरक्षाकर्मीले युवतीलाई पहिलो तपस्यास्थल रतनपुर र बमजनलाई दोस्रो तपस्यास्थल हलखोरियामा छोडेको थियो ।

## सिद्धार्थ बैंकमा भीषण आगलागी

प्रस, परवानीपुर, १७ असार/

वीरगंज आदर्शनगरस्थित सिद्धार्थ बैंकमा भीषण आगलागी भएको छ ।

सोमवार अपराह्न ४:३० बजे आगलागी भएको हो । आगलागी के कारणले भएको हो, खुल्न सकेको छैन । आगलागी नियन्त्रणको लागि जिल्ला विपद् व्यवस्थापन समिति मातहतका विभिन्न एकाइ परिचालित भएका थिए । चारवटा वारुणयन्त्र, नेपाल र सशस्त्र प्रहरी परिचालित गरी आगलागी नियन्त्रणमा लिइएको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक एवं पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी गराए । आगलागीको कारण र क्षतिको



विवरणबारे अनुसन्धान भइरहेको उनले बताएका छन् ।

## सन्दर्भः नेपाल पत्रकार महासङ्घको निर्वाचन
## प्रेस युनियनको विरोध जारी, देशभर धर्ना

प्रस, वीरगंज, १७ असार/

नेपाल प्रेस युनियन, पर्साले नेपाल पत्रकार महासङ्घ, पर्साको प्रवेशद्वारमा सोमवार दुई घण्टा धर्ना दिएको छ ।

नेपाल पत्रकार महासङ्घले जारी गरेको नयाँ सदस्यता सम्बन्धमा आपत्ति जनाउँदै आएको युनियनले आज देशव्यापीरूपमा महासङ्घमा धर्ना दिने केन्द्रीय नीतिअनुरूप पर्सामा पनि युनियनले धर्ना दिएको अध्यक्ष विजय महतोले बताए ।

(बाँकी अन्तिम पातामा)



## विचारसार र सुक्तिहरू

मानिस जन्मेको दुई वर्षमा बोल्न थाल्छ । तर के बोल्नुपर्छ भन्ने सिक्न पूरा जिन्दगी कम हुन्छ ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# समपूरक परीक्षाको अवसर

**माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतीजा प्रकाशन भएको छ । यसपटक पर्सा जिल्लाबाट यो परीक्षामा ३४.४२ प्रतिशत विद्यार्थीहरू मात्र उत्तीर्ण भएका छन् । यो नतीजा सम्भवतः निकै कम हो । वीरगंज महानगरपालिकामा भने सामुदायिकभन्दा संस्थागत विद्यालयहरूको नतीजा उत्साहजनक देखिन्छ । सामुदायिक विद्यालयहरूबाट ३४.३७ प्रतिशत विद्यार्थीहरू उत्तीर्ण भएका छन् भने संस्थागतबाट ९०.२६ प्रतिशत उत्तीर्ण भएका छन् । यसपटकको एसइईमा पर्सा जिल्लाबाट कुल नौ हजार ५२१ जना विद्यार्थी सहभागी थिए । उनीहरूमध्ये तीन हजार ४६८ जना मात्र उत्तीर्ण भए । महानगरबाट कुल पाँच हजार २३५ जना विद्यार्थी सहभागी थिए भने ५४.७६ अर्थात् दुई हजार ८६७ जना विद्यार्थी सफल भए । विद्यार्थीहरूको लागि सबैभन्दा कठिन परीक्षाको रूपमा एसइई रहँदै आएको छ । पछिल्लोपटक मावि तहको अन्तिम परीक्षाबाट हटाइको एसइई राष्ट्रिय परीक्षा बोर्डले लिंदै आएको छ । यसमा प्रदेशहरूको सहभागिता रहे पनि परीक्षाफल भने राष्ट्रिय परीक्षा बोर्डमैं केन्द्रित गरिएको छ। मावि तहको अन्तिम परीक्षाको रूपमा एसएलसीको धेरै महत्त्व थियो। फलामे ढोका भनिने एसएलसी परीक्षा उत्तीर्ण गर्नेहरू आफूलाई शौभाग्यशाली ठान्थे । आफ्ना सन्तानले एसएलसी उत्तीर्ण गर्नुलाई अभिभावकहरूले युद्ध जितेसरह ठान्थे ।**

**एसएलसी उत्तीर्ण गरेको चर्चा उतिखेर गाउँटोल र उत्कृष्ट हुनेहरूको चर्चा देशभरि हुन्थ्यो । अनुत्तीर्ण हुनेहरूको लागि अर्को वर्ष कुर्नुको विकल्प थिएन। परीक्षाको स्वरूप परिवर्तन हुँदै गयो, दुई विषयमा अनुत्तीर्ण भएकाहरूलाई अर्को वर्ष सहभागी भएर परीक्षा दिनुपर्ने व्यवस्था गरिएको थियो । एक्जाम्टेड दिने परीक्षार्थी अर्को वर्षको एसएलसीमा सहभागी हुन पाउँथे । एसएलसीको नाम परिवर्तनदेखि परीक्षा लिने शैली पनि परिवर्तन भएको छ । यस अघिसम्म एसइई ग्रेडिङको हिसाबबाट लिने गरिन्थ्यो। ए प्लस, ए, बी प्लस, बी, सी प्लस र सी ग्रेडमा परीक्षाफल प्रकाशन गरिन्थ्यो। सी ग्रेडमा उत्तीर्ण गरेकाहरूलाई सरकारी क्याम्पसमा पनि सिफारिशको आधारमा भर्ना लिन थालिएपछि गत वर्षदेखि लेटर ग्रेडिङ परीक्षा अन्तर्गत परीक्षाफल प्रकाशनको नीति अवलम्बन गरिएको हो । लेटर ग्रेडिङ परीक्षा अन्तर्गत अब परीक्षार्थीहरूले सय अङ्कको सैद्धान्तिक परीक्षामा ३५ पूर्णाङ्क र प्रयोगात्मक परीक्षामा ४० अङ्क ल्याएकै हुनुपर्छ। पहिले दुवै गरेर सय पूर्णाङ्कको परीक्षामा ३५ अङ्क ल्याउनुपर्ने व्यवस्था थियो ।**

**एसइईलाई अहिले सहज बनाउने प्रयास गरिंदै आए पनि विद्यार्थी र अभिभावकहरूबाट यसको भयलाई भने अहिलेसम्म हटाउन सकिएको छैन। केही प्रतिशत विद्यार्थीहरू र तिनका अभिभावकहरूले यो परीक्षालाई सामान्यरूपमा लिएका छन् भने अधिकांशले पुरानै एसएलसी सरह व्यवहार गर्दा विद्यार्थीहरूबाट पुरानो एसएलसीको भूत हट्न भने सकेकै छैन । वर्ष दिन पढेको पुस्तकबाट जसरी अन्य कक्षामा परीक्षा दिने गरिन्थ्यो सोही विधिबाट एसइई परीक्षा पनि दिने हो भन्ने कुरा विद्यार्थीहरूलाई बुझाउन सकिएको खण्डमा उनीहरूमा देखिने भयको वातावरणमा केही कमी आउने थियो। यसपटक एसइई अनुत्तीर्ण हुने सबैलाई साउन २३ गते समपूरक परीक्षा दिने अवसर जुरेकोले यो मौकाको फाइदा उठाउँदै विद्यार्थीहरू मेहनतका साथ सफल हुने प्रयासमा लाग्नुपर्छ।**

# प्रादेशिक सरकारको भ्रष्ट आचरणः सङ्घीयतामा प्रश्न

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
Phd
rajendrakoirala20@gmail.com


**व्यवस्थाविरोधीहरू सलबलाउँदै जाँदा संविधान निर्माण पक्षधर दलका नेताहरूसमेत सङ्घीयताविरुद्ध उभिने गरेका छन् । यसमा मूलतः दुई कारण जिम्मेवार छन्– पहिलो, सङ्घीयतासम्बन्धी दृष्टिकोण र बहुआयामिक लाभबारे पर्याप्त ज्ञान नहुनु र दोस्रो, सङ्घीयताविरोधी जनमतलाई आफूतर्फ तान्ने मतको क्षणिक राजनीतिमा लहसिनु ।**

सङ्घीयताका फाइदा र बेफाइदा दुवै छन् । बालेनकै शब्दलाई लिने हो भने तन्त्र कुनै पनि खराब हुँदैनन्, तन्त्रलाई व्यवहारमा उतार्ने कर्ताहरू बेइमान भए भने कुनै तन्त्रले पनि जनताको लागि केही गर्न सक्दैन । प्रचण्डकै शब्दलाई उद्धरण गर्दा 'गाउँगाउँमा सिंहदरबार' नै सङ्घीयताको मुख्य विशेषता हो । यहाँ कुरा उठान गर्न खोजिएको प्रादेशिक सरकारको हो । भ्रष्टाचारको सबैभन्दा उद्गम थलो नै अहिले प्रादेशिक सरकार हुन पुगेको छ । त्यसमा पनि मधेस प्रदेश सबैभन्दा बदनाम छ ।

पछिल्लो समयमा सबैभन्दा अस्थिरता प्रदेशमा देखिएको छ । प्रदेश सरकार केन्द्रको मातहतका निकाय होइन । तर विभिन्न राजनीतिक दाउपेंचले केन्द्रमा गठबन्धन फेरिनासाथ प्रदेश सरकारमा तलमाथि हुने गरेको छ। प्रदेशलाई केन्द्रीय राजनीतिक दाउपेचको घानमा मिसाउँदा कतिपय प्रदेशहरू अस्थिर मात्र नभएर प्रदेशसभा नै विघटनको सँघारमा पुगेका छन्। देश र सङ्घीयता बलियो बनाउँछौं भन्दै दाबी गर्ने प्रदेशका नेताहरू केन्द्रीय नेताहरूले बजाएको मादलको तालमा नाचिरहेका छन्। दलहरूको यो प्रवृत्तिले केन्द्रको मात्र होइन प्रदेश सरकार, त्यसका नीति तथा सार्वजनिक सेवाप्रवाहमा पनि असर पारिरहेको छ। बेरुजूका चाङको व्याख्या गरी साध्य नै छैन । प्रादेशिक सरकार भ्रष्टाचारीहरूको अखाडा हुन पुगेको छ । जसले गर्दा शिक्षा, स्वास्थ्य, रोजगार जस्ता जनताका आधारभूत आवश्यकताको लागि सरकारसँग पैसा छैन । सरकार परिवर्तनसँगै गाडी खरीदको लागि होडबाजी चल्छ प्रदेशमा । यस्तो बेथितिलाई कसरी भन्ने 'गाउँगाउँमा सिंहदरबार ?

जनभावनालाई उपेक्षा गर्दै राजनीतिक दलहरू आफ्नै स्वार्थमा रमाएका छन् । नेता पाल्ने, मुलुकमा अस्थिरता जन्माउने थलोको रूपमा प्रदेश सरकारको विकास भएको छ। परिवर्तन भइरहने सरकार दीर्घकालीन र बलियो भने देखिएको छैन। जसरी संविधानमा प्रदेश सरकारको परिकल्पना गरिएको छ, त्यही रूपमा प्रदेश सरकार अधिकारसम्पन्न बन्न सकेको छैन । केन्द्रीय समीकरण परिवर्तनसँगै परिवर्तन हुने प्रदेश सरकार गठन भएको दिनदेखि नै 'काउन्टडाउन' शुरू हुने भएका कारण बलियो बनेका छैनन्। प्रदेश सरकारलाई संविधान अनुसार अधिकारसम्पन्न नबनाउँदा अहिले यो संरचनामाथि नै प्रश्न उठ्न थालेको छ ।

खासगरी सरकार परिवर्तन भइरहने र सबैले सांसद, मन्त्री मात्र ताक्ने हुँदा पनि प्रदेश संरचना नेता तथा कार्यकर्ताको व्यवस्थापनजस्तो मात्र भएको जनताको बुझाइ छ । पछिल्लो समय प्रदेश संरचनाविरुद्ध जनमत बलियो बन्दै गएको छ। जनता मात्र होइन, नेताहरूकै ठूलो जमात प्रदेश खारेज गरौं भन्ने अवस्थामा पुगिसकेका छन् ।

गाउँगाउँमा सिंहदरबार भनेर प्रचारित स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेर जनतालाई केही सेवा दिए पनि प्रदेशहरू भने सधैं राजनीति गर्ने अखाडा मात्र बन्दै गएकोमा आलोचना हुँदै आएको छ। त्यसमा सङ्घकै बढी दोष देखिन्छ। किनकि कर्मचारी, प्रहरी, शिक्षाजस्ता महत्त्वपूर्ण मानिएका कानून सङ्घले बनाइदिएको छैन । प्रदेशलाई अधिकार कार्यान्वयनको बाटो सिंहदरबारले नखोलिदिंदा प्रदेशहरूमाथि प्रयोग गर्ने कानून सङ्घले बनाइदिएको छैन। साझा अधिकार सूची अन्तर्गतका कानून बनाउन सङ्घीय सरकार गम्भीर नै छैन। उल्टै सङ्घमा सत्ता गठबन्धन फेरिएसँगै प्रदेशहरूमा पनि त्यही अनुसारको समीकरण बनाउने होडबाजी दलहरूको चल्छ। नेपालको राजनीतिमा विकृति आएको छ । नेताहरू पद र कुर्सीविना बाँच्नै नसक्ने भएका छन् । आमजनताले देशमा राजनीतिक दलहरूको कुनै काम छैन भन्न बाध्य हुन थालेका छन् । अलिकति ज्ञान प्राप्त गरेका र केही गर्न सक्ने युवाको ठूलो जमात विदेशमा आफ्नो श्रम बेचिरहेका छन् । मूर्ख र कम पढेलेखेका व्यक्ति माझ राम्रो व्यक्ति भनाउँदोले प्रदेश चलाइरहेका छन्।

संविधानले सङ्घ र प्रदेशहरूको अलग र स्वायत्त सरकारको परिकल्पना गरेको छ। अहिलेको निर्वाचन प्रणाली अनुसार कुनै दलको बहुमत संसद्मा नरहेकोले सङ्घ सरकार सञ्चालनमा समझदारी हुन नसक्दा गठबन्धन परिवर्तन भयो होला। त्यो मान्न सकिन्छ तर त्यो असमझदारी नभएको प्रदेशमा पनि सरकार परिवर्तन गरिहाल्नुपर्ने यो कस्तो सङ्घीयता हो ? दलहरूले गर्न खोजेको अभ्यास के हो ? आगामी आर्थिक वर्षको बजेटसम्बन्धी तयारीमा केन्द्रित हुनुपर्ने समयमा भइरहेका यस्ता गतिविधिले अन्योल र अनिश्चितता जन्माएको छ। धेरै दल मिलाएर मुश्किलले बहुमत जुटाइएका प्रदेशमा जुनसुकै बेला सरकार ढल्ने जोखिम छ । सरकार गठन र विघटनको चक्करमा दलहरू केन्द्रित हुँदा जनसरोकारका मुद्दा ओझेलमा छन्। यो अवस्थाबाट बाहिर ल्याउने जिम्मेवारी उनै राजनीतिक दलहरूको हो। सङ्घीय व्यवस्था नेतालाई पद बाँडफाँट गर्न होइन, जनतालाई अधिकार पुऱ्याउन स्थापित भएको हो भने प्रदेशलाई अधिकारसम्पन्न बनाएर स्वायत्त ढङ्गले चल्न दिनुपर्छ ।

प्रदेशको अधिकार र जिम्मेवारीलाई केन्द्रीय राजनीति र महत्त्वाकाङ्क्षा एवं सत्तास्वार्थको बन्धक बनाउनुहुँदैन । दलहरूका हर्कतले सङ्घीयताकै उपहास गरेको छ। सङ्घीयताविरोधीको मनोबल बढाएको छ। आर्थिक भारको कुरा त छँदैछ, त्यससँगै राजनीतिक दललाई विकृत बनाउने काम पनि भएको छ । प्रदेशहरूले विश्वनीयता गुमाउँदै छन् । हाल नेपालमा चलिरहेको बहसमा देखिरहेका गतिविधि हेर्दा लाग्छ, हामी सबै रूपमा सङ्घीयतावादी सारमा केन्द्रिकृतवादी हौं। सबैका गतिविधि हेर्दा कि सङ्घीयता हाम्रो एजेन्डा थिएन, कसैले हामीलाई जबरजस्ती यो बाटोमा रहन बाध्य बनायो भन्नुपर्ने हुन्छ।

केन्द्रीय नीति निर्माण गर्नुपर्ने सङ्घीय संसद् किन वडाध्यक्षले बाँड्दा हुने रकम विनियोजन गर्दै हिंड्ने ? यहाँ पनि प्रश्न व्यक्तिको हैन प्रवृत्तिको हो ।

नेपालको राजनीति उल्टोपाल्टो हुँदै अघि बढिरहेको छ । वर्तमान राजनीतिप्रति जनतामा त्यति चासो बढेको अवस्था देखिंदैन। आज मुलुक जुन ढङ्गले अघि बढ्नुपर्ने हो, त्यसरी बढ्न सकेको छैन। लोकतन्त्र प्राप्त गरेको यतिका वर्ष भयो तर जनताले अनुभूति गर्न पाएको छैन । व्यवस्था बदलियो तर जनताको अवस्था उस्तै छ। यस्तो लोकतन्त्र प्राप्त गरेको के अर्थ ? लोकतन्त्रका नाममा नेता बने, तर देश र जनताको भाग्य र भविष्य बन्न सकेन। वडादेखि प्रदेश हुँदै केन्द्रसम्म जनताको करमा नेतादेखि उनका दलका कार्यकर्ता पाल्नुपर्ने बाध्यता हामीसँग छ। राजनीतिक दल र तिनका नेताहरूले राज्य सुधार्ने होइन, परिवार र नातासम्बन्धकै व्यक्तिकै जीवनस्तर उकास्ने काम गरिरहेका छन्। दीर्घकालीन स्थिर नीति नभएपछि नेताहरू लगामबेगरको घोडाजस्तै भएका छन् । पछिल्लो समयमा हाबी हुँदै आएको स्वार्थको राजनीतिले आन्तरिक कलह र खिंचातानी बढाइरहेको छ ।

दूषित दलीय स्वार्थ कहिल्यै पनि अन्तर्राष्ट्रिय मापदण्डभित्र पुग्न सक्दैन। यो अवस्थामा अन्तर्राष्ट्रियजगत् नै आन्तरिक राजनीतिक प्रतिस्पर्धामैं ध्रुवीकृत हुन सक्छ । राष्ट्र बलियो हुन राष्ट्रिय राजनीतिक शक्तिबीच एकता अपरिहार्य हुन्छ । आन्तरिकरूपमा राजनीतिक प्रतिस्पर्धा हुनु स्वाभाविक हो। तर राष्ट्रिय मुद्दाको सवालमा, विदेश नीति, राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र सीमारक्षाको सवालमा राज्यका सम्पूर्ण राजनीतिक शक्ति एक हुनुपर्छ। अब देशको अर्थतन्त्रले सङ्घीयता धान्न नसक्ने अवस्था देखियो । देशको अर्थतन्त्रलाई टाट पल्टाएर यी दलका नेताहरूलाई कति वर्षसम्म पाल्नुपर्ने ? अब यो विषयमा गम्भीर भएर सोच्नुपर्ने भयो। देशको राजनीति गलत बाटोतर्फ उन्मुख हुँदैछ । आज केही तत्वहरू व्यवस्थाविरुद्ध सडकमा नाराबाजी गरिरहेका छन् । तर लोकतन्त्रवादी शक्तिहरू सत्तास्वार्थको राजनीतिमा रुमलिरहेका छन् ।

उनीहरूलाई देशको हितबारेमा खासै चिन्ता भएको जस्तो देखिंदैन। राजनीतिक दल र तिनका नेताहरूबाट जनताले थप आस केही गरेका छैनन् । अहिलेका राजनीतिक गतिविधि हेर्दा जनता चरम निराशामा छ । केन्द्रको राजनीति समीकरण फेरबदल हुने बित्तिकै त्यसको बाछिटा प्रदेश सरकारसम्म पुग्ने गरेको छ। यो नेपालको राजनीतिमा घीनलाग्दो खेल हो । सत्ताका लागि जे पनि गर्न तयार छन्, राजनीतिक दल र तिनका नेता । त्यसले गर्दा जनतामा वितृष्णा बढ्दै गएको छ । अहिलेका घटनाले सङ्घीयता र संसदीय लोकतन्त्रप्रति नै चरमरूपमा निराशा बढाउने काम गरेका छन् ।

नेपालको राजनीति व्यक्तिवादी चरित्र र सत्तास्वार्थका कारण सही ढङ्गले अघि बढ्न सकेको छैन। २०४८ सालदेखि हालसम्मको दलीय राजनीतिको समीक्षा गरेर हेर्ने हो भने सत्तास्वार्थकै कारण पूरा अवधि सरकार टिक्न सकेको छैन। सरकार बन्ने र ढल्ने प्रक्रिया पहिलेदेखि नै शुरू भएको हो। झन्डै दुई तिहाइनजीक बहुमतको सरकारसमेत पूरा अवधि टिक्न सकेन । लामो समयदेखि मुलुक राजनीतिक अस्थिरताबाट गुज्रँदै अघि बढिरहेको छ । यो नै देशका लागि दुर्भाग्यपूर्ण हुँदै आएको छ। राजनीतिक अस्थिरताको अवस्था हुन नदिन राज्य गम्भीर हुनु जरुरी छ । यसका लागि केही उपचारात्मक विधि अवलम्बन गर्न सकिन्छ। निर्वाचनमा जाँदा कुनै पनि दलसँग गठबन्धन गर्नुहुँदैन । दलको आदर्श र सिद्धान्तका आधारमा मतदाताहरूले आफ्नो प्रतिनिधि कुन दलको बनाउने हो भनेर निर्णय लिन पाउनुपर्छ। निर्वाचनमैं सिट बाँडफाँट गरेर गठबन्धन गर्दा निर्वाचनको नतीजापूर्व नै मिलिजुली वा गठबन्धनको सरकार बन्ने निश्चित हुन्छ ।

मिलिजुली सरकार बनाउँदा सम्भव भएसम्म समान सिद्धान्त भएका दलहरूबीच हुनुपर्छ। अप्राकृतिक प्रकारले गठबन्धन गरिंदा शीघ्र सरकार विघटन हुने गरेको छ । नेपालले अवलम्बन गरिआएको मिश्रित निर्वाचन प्रणालीका कारण राजनीतिक अस्थिरता बढेको छ। पूर्ण समानुपातिक प्रणाली वा बढी मत ल्याउने विजयी हुनेमध्ये एकमात्र अवलम्बन गरिनुपर्छ। कुनै पनि निर्वाचित सांसदलाई मन्त्री बनाउनुहुँदैन । विशेषज्ञलाई मन्त्री बनाइ सांसदहरूको भूमिका कानून निर्माणमा सीमित गरिनुपर्छ । प्रधानमन्त्री निर्वाचित संसद्हरूबाटै बनाइ प्रधानमन्त्रीले सम्बन्धित क्षेत्रका विज्ञहरूबाट मन्त्रीहरूको मनोनयन गर्नुपर्छ । यस्ता विज्ञहरूले आआफ्नो ज्ञान भएको मन्त्रालय प्रभावकारीरूपमा सञ्चालन गर्न सक्छन्। प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गर्दा राजनीतिक स्थिरता कायम गर्न सकिन्छ ।

नेपालजस्तो सानो मुलुकको लागि हालको अवस्थामा रहेका प्रतिनिधिका आवरणमा देखिएका निर्वाचित कर्मचारीहरूको सङ्ख्या उल्लेख्यरूपमा कम गर्नुपर्छ । राजनीतिक दलहरूको सङ्ख्या घटाउने गरी संविधानमैं व्यवस्था हुनुपर्छ। दुईवटा दल मात्र उपयुक्त हुन सक्छ। यी कदम शीघ्र लिनुपर्छ अन्यथा मुलुकको अवस्था अत्यन्त जोखिममा पर्न सक्छ। अहिलेको मुख्य प्रश्न संविधानको अनुसूचीमा भएको साझा अधिकारको क्षेत्राधिकार र कार्यान्वयनको प्रश्न हो। यद्यपि साझा अधिकार सूचीको कार्य विस्तृतीकरण र मूर्तीकरण नहुँदा प्रदेश र स्थानीय तहले प्रयोग गर्न पाउने एकल अधिकारको कार्यान्वयनसमेत प्रभावित भइरहेको छ ।

व्यवस्थाविरोधीहरू सलबलाउँदै जाँदा संविधान निर्माण पक्षधर दलका नेताहरूसमेत सङ्घीयताविरुद्ध उभिने गरेका छन्। यसमा मूलतः दुई कारण जिम्मेवार छन्– पहिलो, सङ्घीयतासम्बन्धी दृष्टिकोण र बहुआयामिक लाभबारे पर्याप्त ज्ञान नहुनु र दोस्रो, सङ्घीयताविरोधी जनमतलाई आफूतर्फ तान्ने मतको क्षणिक राजनीतिमा लहसिनु । व्यवस्थाविरोधीहरूले सङ्घीयता खर्चिलो भएको डङ्का पिटिरहेका बेला त्यसको लहैलहैमा लाग्नु पनि संविधान कार्यान्वयनको अर्को चुनौती हुन आइपुगेको छ ।

अन्त्यमा, सबै दलको साझा प्रयासले देशमा सङ्घीयताको प्रादुर्भाव भएको हो, र यिनै दलका नेताहरूको कुकृत्यले कहीं सङ्घीयता नै खारेज हुने अवस्थामा त पुग्ने होइन ।

## देशको ...

गरिएको, परियोजना बैंकलाई अद्यावधिक गरिएको, अन्तर्राष्ट्रियजगत्मा नेपाललाई उत्कृष्ट लगानी गन्तव्यको रूपमा प्रस्तुत गरिएकोलगायत उपलब्धि हासिल भएको अर्थमन्त्री पुनको दाबी छ।

लगानी सम्मेलनबाट निजी क्षेत्रको मनोबल वृद्धि भएको उनले बताए ।

आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट विनियोजनमा कुशलता नदेखिएको भनी संसद्मा आलोचना भएको विषयमा अर्थमन्त्री पुनले सरकारको बचाउ गरे ।

"मन्त्रालयगत बजेट विनियोजनमा ठूलो अन्तर तथा असमानता देखिएको र समन्यायिक बजेट वितरण हुन नसकेका विषय उठेका छन्," अर्थमन्त्री पुनले भने, "सरकारले बजेट विनियोजन गर्दा सम्बन्धित निकायको काम, कर्तव्य, कार्यक्षेत्र र अधिकारका आधारमा कुशल विनियोजन, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम हुनेगरी समन्यायिक प्रणाली अनुसार नै बजेट विनियोजन गर्ने गरेको छ।"

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# शक्तिशाली आयोग गठनको तयारी हुँदैछ -गृहमन्त्री लामिछाने

काठमाडौं, १७ असार/रासस

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि छामिछानेले सरकारले भ्रष्टाचारका विभिन्न ठूला काण्डको छानबीन गर्न शक्तिशाली आयोग गठनको तयारी गरिरहेको बताएका छन् ।

प्रतिनिधिसभाको सोमवारको बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिंदै गृहमन्त्री लामिछानेले भ्रष्टाचारका विभिन्न २५ वटा काण्ड पहिचान गरी छानबीन गर्न शक्तिशाली आयोग गठनको तयारी भइरहेको जानकारी दिए । "मेरो र उसको नभनीकन सबैका पालामा चर्चामा आएका प्रत्येक प्रकरणको छानबीनका लागि राजनीतिक नेतृत्व तयार हुने र अख्तियारप्राप्त निकायले राजनीतिक स्वार्थ प्रेरित नभई निष्पक्षरूपमा अनुसन्धान तथा अभियोजन गर्ने हो भने भ्रष्टाचार न्यूनीकरण र नियन्त्रण सम्भव छ," उनले भने, "भ्रष्टाचारका घटनामा समेत राजनीतिक दाउपेच हुने विद्यमान प्रवृत्ति सच्याउन जरुरी छ । कुनै पनि कालखण्डमा भएका काण्डमध्ये २५ काण्ड छानबीन गर्न शक्तिशाली आयोग गठन गर्ने तयारी भइरहेको छ ।"

भ्रष्टाचार नियन्त्रण गर्न आफू र सरकार इमानदाररूपमा प्रयासरत रहेको उल्लेख गर्दै गृहमन्त्री लामिछानेले सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमार्फत भ्रष्टाचार निवारणका लागि नतीजामुखी प्रयास थालेको बताए । सरकारमा रहेका दलहरूको न्यूनतम साझा सङ्कल्पमा पनि भ्रष्टाचार निवारणका लागि कदम चाल्ने उल्लेख छ ।

"सरकारले न्यूनतम साझा सङ्कल्पमा भ्रष्टाचार र अख्तियारको दुरुपयोगसँग जोडिएका विषयमा कुनै पनि कालखण्डमा भएका भ्रष्टाचारको छानबीन गर्ने भनेको छ । भ्रष्टाचारी एक दिन कानूनी कठघरामा आउँछन्




भन्ने स्थापित गर्न जरुरी भइसकेको छ," उनले भने, "कुनै एक पक्षले मात्र सक्रियताका साथ काम गर्दैमा भ्रष्टाचार नियन्त्रण हुँदैन ।"

पर्याप्त कानूनी आधार, क्षेत्राधिकार र स्रोत साधनसहित भएका संरचनाको स्तरोन्नति आवश्यक भएको गृहमन्त्री लामिछानेले बताए । भ्रष्टाचार नियन्त्रणका लागि संवैधानिक आयोग र मजबूद संस्थागत संरचना रहेका भएपनि विभिन्न अड्चनले ती निकायबाट आशातीत प्रतिफल प्राप्त गर्न नसकेको जनगुनासो कायमै रहेको उनको भनाइ थियो । सम्पत्तिको सीमाङ्कनसम्बन्धी कानून निर्माणका लागि सरकार सकारात्मक रहेको उनले बताए ।

प्रतिनिधिसभाको आजको बैठकमा पञ्चायतकालदेखि हालसम्म कसकसका विरुद्ध भ्रष्टाचारका मुद्दा दायर भएका छन् ? भनेर सांसद प्रेम सुवालले प्रश्न गरेका थिए । सांसद विद्या भट्टराईले गृहमन्त्री लामिछानेलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सरकारले कसरी काम गरिरहेको छ भनेर प्रश्न गरेकी थिइन् । जवाफमा गृहमन्त्री लामिछानेले विपद् प्रभावित घरपरिवारलाई अस्थायी आवास अनुदान कार्यविधि, २०८१ तर्जुमा भई सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको बताए । प्रक्रियागत ढिलासुस्तीको मारमा सदन, सरकार र सिङ्गो समाज भएको उनले बताए ।

"प्रक्रियागत ढिलासुस्तीका कारण आमनागरिकले सहजरूपमा सेवा पाएका छैनन् । यो कुरा मैले यो सदनमा स्वीकार गर्नैपर्छ," गृहमन्त्री लामिछानेले भने, "तर अब त्यस्तो अवस्था नआओस् भन्नका लागि एउटा विधि बनाउन आवश्यक छ । हामीले नीति बनाएर भविष्यमा हुने कुनै पनि विपद्लाई सम्बोधन गर्नुपर्छ ।"

सांसद प्रदीप पौडेलले गृहमन्त्री लामिछानेको राहदानीको विषय र विभिन्न सहकारीको रकम हिनामिनामा भइरहेको छानबीनबारे प्रश्न गरेका थिए । उनको प्रश्नमा गृहमन्त्री लामिछानेले अदालतमा विचाराधीन रहेकाले आफू बोल्न उपयुक्त नहुने बताए ।

# देशको सार्वजनिक ऋण सुविधाजनक अवस्थामा छ -अर्थमन्त्री

काठमाडौं, १७ असार/रासस

अर्थमन्त्री वर्षमान पुनले अन्य देशको तुलनामा नेपालको सार्वजनिक ऋणको अवस्था सुविधाजनक अवस्थामा रहेको र नेपाल ऋणको पासोमा नपर्ने बताएका छन ।

प्रतिनिधिसभाको सोमवारको बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिंदै अर्थमन्त्री पुनले नेपालले लिएको ऋणको लागतसमेत कम रहेको दाबी गरे । "ऋणको लागत र जोखिमको दृष्टिकोणबाट अन्य मुलुकको तुलनामा हाम्रो सार्वजनिक ऋण सुविधाजनक अवस्थामा छ । हालसम्मको सार्वजनिक ऋणको परिमाण र लागतलाई दृष्टिगत गर्दा मुलुक ऋणको पासोमा पर्ने सम्भावना छैन," उनले भने, "सार्वजनिक ऋण परिचालन गर्दा ऋणको दिगोपन कायम गर्नेतर्फ सरकार संवेदनशील छ । सार्वजनिक ऋणलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्दै जानेतर्फ सरकार सचेत छ ।"

अर्थमन्त्री पुनका अनुसार चालू आर्थिक वर्ष २०८०/८१ को वैशाख मसान्तसम्ममा नेपालको सार्वजनिक ऋण रु ९८ अर्ब आठ करोड थपिएर रु २३ खर्ब ९७ अर्ब पुगेको छ । विसं २०८० असार मसान्तमा सरकारको तिर्न बाँकी सार्वजनिक ऋण रु २२ खर्ब ९९ अर्ब ३५ करोड थियो । हाल नेपालको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सरकारको तिर्न बाँकी ऋण ४२ दशमलव ०२ प्रतिशत छ । तिर्न बाँकी सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण रु ११ खर्ब ८४ अर्ब ४८ करोड (४९ दशमलव चार प्रतिशत) र बाह्य ऋण रु १२ खर्ब १२ अर्ब ९५ करोड (५० दशमलव छ प्रतिशत) रहेको छ ।

चालू आर्थिक वर्षको वैशाखसम्ममा सरकारले आन्तरिक ऋणतर्फ रु एक खर्ब ९१ अर्ब र बाह्य ऋणतर्फ रु ७३ अर्ब ६३ करोड ३६ लाख गरी जम्मा रु दुई खर्ब ६४ अर्ब ६३ करोड ३६ लाख सार्वजनिक ऋण परिचालन गरेको



अर्थमन्त्री पुनले बताए । सो अवधिमा सरकारले आन्तरिक ऋणतर्फ रु एक खर्ब ३५ अर्ब ६२ करोड ३३ लाख र बाह्य ऋणतर्फ रु ३० अर्ब ९३ करोड ११ लाख गरी जम्मा रु एक खर्ब ६६ अर्ब ५५ करोड ४४ लाख साँवा भुक्तानी गरेको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा सरकारले गत वैशाख १६ र १७ गते सम्पन्न तेस्रो लगानी सम्मेलनको उपलब्धिबारे अर्थमन्त्री पुनले जानकारी गराएका थिए । लगानी सहजीकरणका लागि कानून संशोधन भएको, १९ परियोजनाको आशयपत्र माग (एक्स्प्रेशन अफ इन्ट्रेस्ट-इओआई) आह्वान

(बाँकी दोस्रो पातामा)

# नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाडौं, १७ असार/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमवार भने दोहोरो अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १६ दशमलव २९ अङ्कले उकालो लागेर दुई हजार ५३ दशमलव ३८ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव शून्य एक अङ्कले उकालो लागेर ३६१ दशमलव ७७ मा पुगेको छ । कुल ७१ लाख ६५ हजार ७३५ कित्ता शेयर रु दुई अर्ब ९९ करोड ९९ लाख ६५ हजार २१ मूल्यमा खरीद-बिक्री भएको छ । नेप्सेका अनुसार हिमालयन ऊर्जा विकास कम्पनी नौ दशमलव ७४, दोर्दी खोला जलविद्युत् कम्पनी आठ दशमलव ४७, कर्पोरेट डेभलपमेन्ट बैंक सात दशमलव ५२, हिमालयन बैंकको ऋणपत्र सात दशमलव ४८ र सानिमा बैंकको ऋणपत्रका लगानीकर्ताले सात दशमलव शून्य सात प्रतिशतले कमाएका छन् ।

नेपाल फाइनान्स १०, मैलुङ खोला जलविद्युत् कम्पनी आठ दशमलव ४४, स्वाभिमान लघुवित्त तीन दशमलव ९७, कुमारी सबल योजना तीन दशमलव ६० र मनकामना स्मार्ट लघुवित्तका लगानीकर्ताले तीन दशमलव ४३ प्रतिशतले गुमाएका छन् ।

# बिहीवारसम्म मनसुन थप सक्रिय हुने, सतर्क रहन अनुरोध


काठमाडौं, १७ असार/रासस

देशभर बिहीवारसम्म मनसुन थप सक्रिय हुने भएको छ । मनसुन न्यून चापीय रेखाका कारण यो सक्रिय हुन थालेको हो ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार न्यून चापीय रेखा आगामी केही दिन नेपालको दक्षिणी भाग/सिमाना आसपास रहने भएकाले मनसुन थप सक्रिय हुने सम्भावना कायमै रहेको हो । यही असार २० गतेसम्म आवश्यक सावधानी तथा सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ ।

मनसुन अवधिमा देशभर साधारणतयादेखि पूर्णतया बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुनेछ । सो अवधिमा कोशी प्रदेश, बाग्मती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थान तथा मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चटचाङसहित भारी वर्षाको सम्भावना रहेको छ ।

मनसुन सक्रिय रहेको अवधिभर




कोशी, गण्डकी र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा भारी वर्षा हुने सम्भावना छ । महाशाखाका अनुसार कोशी प्रदेशका ताप्लेजुङ, पाँचथर, सङ्खुवासभा, तेह्रथुम, मोरङ, झापा, सुनसरी, इलाम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु र ओखलढुङ्गा बाढी पहिरोको उच्च जोखिममा छन् ।

यस्तै, बाग्मती प्रदेशका मकवानपुर, चितवन, सिन्धुपाल्चोक र दोलखा तथा गण्डकीका म्याग्दी, बागलुङ, कास्की, पर्वत, स्याङ्जा, तनहुँ, नवलपरासीपूर्व र लमजुङ पनि उच्च जोखिममा रहेको महाशाखाद्वारा जारी बुलेटिनमा उल्लेख छ । यसैगरी, लुम्बिनी प्रदेशका कपिलवस्तु, रूपन्देही, पाल्पा, अर्घाखाँची, गुल्मी, प्युठान, नवलपसारी पश्चिम, रोल्पा र रूकुमपूर्व पनि बाढी पहिरोको उच्च जोखिममा छन् । मधेस र सुदूरपश्चिममा भने उच्च जोखिम छैन ।



**चैनपुरे करुवा:** सङ्खुवासभाको चैनपुर नगरपालिकाको केन्द्र चैनपुर जीरो प्वाइन्टमा राखिएको चैनपुरे करुवाको प्रतिमा । तस्बिरः सुजन बज्राचार्य/रासस

# खुट्टाले लेखेर एसइई उत्तीर्ण

जानकी (बाँके), १७ असार/रासस

"अरूलाई भन्दा मलाई आधा घण्टा बढी समय दिइएको थियो तर मैले खुट्टाले लेख्ने भएकाले सजिलो पक्कै थिएन," खुट्टाले लेखेर एसइई उत्तीर्ण भएका बाँकेको राप्तीसोनारी गाउँपालिका-२ मदुवाका उमेश खत्रीले भने, "सोचे जतिको त भएन तर पनि यो उपलब्धिमा खुशी छु ।"

मदुईस्थित लक्ष्मी माध्यमिक विद्यालयबाट खुट्टाले लेखेर एसइई दिएका खत्रीले २.९२ जिपिए ल्याएर एसइई उत्तीर्ण गरेका छन । एसइई दिएकै विद्यालयबाट बाली विज्ञानमा उच्च शिक्षा हासिल गर्ने उनको योजना छ । उनले भने, "मैले कक्षा ९ देखि बाली विज्ञान लिएर पढेको हुनाले उच्च शिक्षा पनि बाली विज्ञानमा नै गर्ने सोचेको छु ।" पढाइ सकेपछि भविष्यमा लोकसेवा दिएर अधिकृत बन्ने इच्छा उनको छ ।

शारीरिकरूपले अशक्त १८ वर्षीय उमेश खुट्टाले लेखेर एसइईमा उत्तीर्ण हुने यस क्षेत्रकै पहिलो विद्यार्थी हुन् । उमेश जन्मजात दुवै हात र खुट्टा नचल्ने भएर जन्मेका थिए । पटकपटकको उपचारपछि हातको नसामा कुनै सुधार नआएपछि उनको खुट्टाको भने तीनपटक शल्यक्रिया गरिएको थियो । त्यसपछि अलिअलि खुट्टा चल्न शुरू गरेको आमा गोमा खत्रीले बताइन् ।

खुट्टा चल्न थालेपछि उमेशले खुट्टाकै भरमा आफूले सक्ने काम गर्न थालेको आमा गोमा बताउँछिन् । खुट्टा चल्न शुरू गरेपछि उनलाई हिंड्न कसैको सहारा चाहिएन तर धेरै समय उभिन सक्दैनन् । खुट्टाले काम गर्न सक्ने भएपछि गोमाले छोरालाई विद्यालय भर्ना गराएकी थिइन् ।

"शुरूमा गाउँकै जयदुर्गा आधारभूत विद्यालयमा पढायौं । त्यसपछि गाउँमैं सञ्चालित बागेश्वरी वेस्टर्न इङ्ग्लिश बोर्डिङमा कक्षा ७ सम्म पढाएर लक्ष्मी माविमा भर्ना गरेका हौं," उनले भनिन्,




"छोरा पहिलादेखि पढाइमा अब्बल भएकाले एसइईमा उत्तीर्ण हुन्छ भन्नेमा ढुक्क थिए ।"

छोराले एसइई उत्तीर्ण गरेपछि चौतर्फी बधाईको ओइरो आफूलाई आउँदा गर्व लागेको गोमाको भनाइ छ । खुट्टाको नसामा सुधार आएपछि छोराले अरू काम गर्न नसके पनि किताबकापी मिलाउने, कलम समात्ने, मोबाइल र ल्यापटप चलाउन सक्ने भएको गोमाले बताइन् ।

उमेशलाई परीक्षामा सहज वातावरण निर्माण गर्न विद्यालयले उचित व्यवस्थापन गरेर सहयोग पुऱ्याएको लक्ष्मी माविका प्रधानाध्यापक लक्ष्मणप्रसाद आचार्यले बताए । उनका अनुसार परीक्षाको बेला कक्षाकोठाको बेन्चमा बसेर लेख्न उमेशलाई अप्ठ्यारो भएपछि विद्यालयले छुट्टै टेबल र कुर्सीको व्यवस्था गरेको थियो ।

प्रधानाध्यापक आचार्यले उमेश मेहनती मात्र नभई अनुशासित विद्यार्थी भएको बताए । "उनको शारीरिक अपाङ्गतालाई देखेर विद्यालयले धेरै सहयोग र व्यवस्थापन गरेको छ," उनले भने, "हुनत पढ्ने मान्छेलाई कुनै कुराले रोक्न सक्दैन । यो सफलता उमेशको लगनशीलताको नतीजा हो ।"

घरबाट १५ मिनेटको दूरीमा रहेको विद्यालयमा उमेशलाई कहिले मामाको छोरा र कहिले आमाले विद्यालयसम्म पुऱ्याउनुपर्थ्यो । उमेश आफ्नो सफलताको श्रेय आमाबुबा र गुरुहरूलाई दिन्छन् । पाँच वर्षको उमेरबाट उमेशले आफूले सक्ने काम खुट्टाकै सहारामा गर्न थालेका थिए । हात र खुट्टा दुवै नचल्दाभन्दा खुट्टाले काम गरेपछि धेरै सजिलो भएको उमेशको भनाइ छ ।

सशस्त्र प्रहरीमा जागीरे बुबा अहिले नवलपरासीमा कार्यरत छन् । दुई छोरामध्ये उमेश जेठा हुन् । यस वर्षको एसइईमा धेरै विद्यार्थीले नतीजा राम्रो ल्याउन नसकेको बेला आफ्नै वडाबाट उमेशले राम्रो अङ्क ल्याएर उत्तीर्ण गरेकामा वडावासी खुशी भएको वडाध्यक्ष ज्ञानेन्द्र वलीले बताए ।

उमेशलाई उच्च शिक्षाका लागि सहयोग गर्ने वडाध्यक्ष वलीले प्रतिबद्धता व्यक्त गरे । उक्त विद्यालयबाट १०७ जना विद्यार्थीले एसइई दिएका थिए, जसमध्ये १२ जना मात्र उत्तीर्ण भएका छन् ।

# अब को भीम रावल बन्ने ?

एमालेको महाधिवेशन चितवनमा अध्यक्ष पदमा ओलीसँग भिड्ने भीम रावलको हविगत सबैलाई थाहै छ । ओलीसँग भिड्न भीम रावललाई उक्साउनेहरू रावललाई बलिको बकरा बनाएर ओलीको झोला बोकेर हिंडेको पनि सबैलाई थाहै छ । ज्येष्ठ नागरिक ओली अझैं २० वर्ष अध्यक्ष बनिरहने सन्देश दिन्छन् भने शारीरिकरूपमा अरूको सहाराविना मञ्चमा उक्लन सक्दैनन् । भोलि फेरि अर्को भीम रावल जन्मेला कि भन्ने त्रासले उनी वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलहरूलाई तर्साउन पूर्वराष्ट्रपति विद्या भण्डारीको बुख्याचा देखाइरहन्छन् । पार्टीको उपाध्यक्ष रहेकै बेला ओलीको कृपाले विद्यादेवी भण्डारी दुईपटक राष्ट्रपति बनिन् । त्यतिखेर पनि राष्ट्रपति पदका लागि झलनाथ खनाल र दिवङ्गत सुवासचन्द्र नेम्वाङहरूले चाहना देखाएका थिए तर ओलीका डरले आआफ्नो चाहना दबाउन विवश थिए । भर्खरै जुँगाको रेखी बसेको उरन्ठेउलो केटाको बोलीचाली र ८० दशक पुग्न लागेको ओलीको क्रियाकलाप उस्तैउस्तै हो रे । राजा महेन्द्रले 'म मरे पनि मेरो देश बाँचिरहोस्' भन्थे ओलीको कथनी र करनी दुवै 'एमाले डुबे पनि म पौडी खेल्न पाइरहूँ' जस्तै छ । मुलुकको हितसँग त ओलीको टाढाको पनि साइनो देखिँदैन । एमाले पतनोन्मुख हुँदासमेत उनी आफ्ना प्रतिद्वन्द्वी सहकर्मीहरूलाई ठेगान लगाउनमै रमाएका देखिन्छन् । माधव नेपाल, झलनाथ, वामदेव, भीम रावल, घनश्याम भुसाल सबै ओलीको शिकार बने । लाखापाखा लागे र उनीहरूसँगै एमाले पनि जनताको बीचबाट किनारा लागिसकेको बुझिन्छ । प्रचण्डलाई तथानाम गाली गर्ने, भारतको दलाल भन्ने, मनुषमारा भन्ने ओली सत्ताका खातिर आज प्रचण्डकै नेतृत्वमा सरकारमा 'तुमसे अच्छा कौन है' भन्दै हिंडेको देख्दा '... लाई भन्दा देख्नेलाई लाज' भइसक्यो । ओलीसँग मिल्दोजुल्दो एउटा सायरी छ– उसी को जिनेका हक है, जो इस जमाने मे इधरका लगता रहे और उधरका हो जाए । आगामी महाधिवेशनमा सायद स्वास्थ्यले साथ नदिने चाल पाएका ओलीले सुरक्षाकवचका रूपमा र पार्टीभित्रका प्रतिद्वन्द्वीलाई आकारमा राख्न पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले मात्र एमाले हाँक्न सक्ने र अध्यक्षको समेत दावेदारको रूपमा कानेफुसी चलाउन थालेका छन् । उखानटुक्का मात्र होइन, कोठे राजनीति गर्नसमेत ओली अब्बल मानिन्छन् । भनिन्छ नि 'सीसे कि अदालत मे पत्थरकी गवाही है, कातिल हि लुटेरा है, कातिल हि सिपाही है ।'

ओलीको कथनी र करनीले एमालेभित्र भुसको आगो सल्किदैछ । विभिन्न गुट, उपगुट, ओलीको चाहनाविपरीत अध्यक्ष पदको ताज खोस्न र ताजपोशी गर्न लालायित बुझिन्छन् । तर आगामी महाधिवेशनमा भीम रावल को बन्ने भन्ने अहम् प्रश्न र त्रास सँगसँगै उठेको पनि देखिन्छ । भन्छन् झूट बोलनेसे पाप लगता है और सच बोलनेसे आग ... ।

एमालेको अन्दरूनी कहानी यही नै हो । एक विश्वस्त सूत्रका अनुसार एमालेमा ओलीको जङ्गबहादुरशैली र उनका जङ्गे सेनाविरुद्ध भिड्न भित्रभित्रै एउटा ठूलो जत्था तैयार भइसकेको छ रे । इन्तजार त अब आगामी महाधिवेशनको छ रे । अर्थात् अबका दिनमा थुप्रै भीम रावल देखिनेछन्, एमालेमा। मेरो मनमा एउटा प्रश्न उठेको छ, त्यो के भने भोलिका दिनमा ओलीमय एमाले, भीम रावलमय एमालेमा कायापलट होला र ?

मन्तव्य



कुमार रुपाखेती

**ओलीको कथनी र करनीले एमालेभित्र भुसको आगो सल्किदैछ । विभिन्न गुट, उपगुट, ओलीको चाहनाविपरीत अध्यक्ष पदको ताज खोस्न र ताजपोशी गर्न लालायित बुझिन्छन् । तर आगामी महाधिवेशनमा भीम रावल को बन्ने भन्ने अहम् प्रश्न र त्रास सँगसँगै उठेको पनि देखिन्छ ।**

# 'यार्सागुम्बा' अर्थात महँगो जैविक कीराको खोजी

अर्चना झा

गोदावरी (ललितपुर), १७ असार/रासस

हिमाली तथा उच्च पहाडी क्षेत्रमा विश्वकै बहुमूल्य औषधिजन्य बहुगुणयुक्त यार्सागुम्बा प्राकृतिक जडीबुटी हो । यार्सागुम्बा विश्वमा आपूर्तिको दृष्टिकोणले चीनपछि नेपाल दोस्रो स्थानमा रहेको छ । यार्सागुम्बामा औषधिजन्य गुण अन्तरनिहित हुने हुँदा यसको प्रयोग शक्तिवर्द्धक, क्यान्सर, रक्तअल्पता, क्षयरोग, फोक्सोको सङ्क्रमण, मिर्गौला, कलेजोसम्बन्धी, मुटु आदि रोगको औषधि बनाउन प्रयोग हुने बताइन्छ ।

यार्सागुम्बाको माग विश्वका अधिकांश देशबाट हुने गरे पनि मुख्य बजार भने चीन हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा एक किलो यार्सागुम्बा लाखौं मूल्यमा बिक्री हुने गर्छ । अधिक मागका कारण केही वर्षयता यसको सङ्कलन एवं बिक्री वितरण कार्यमा उच्च पहाडी तथा हिमाली भेगका बासिन्दाहरू निकै आकर्षित भएका छन् ।

नेपाल राष्ट्र बैंक अनुसन्धान विभागका सहसूचना अधिकारी डा भागवत आचार्यका अनुसार नेपालमा वार्षिक न्यूनतम तीन हजार किलो यार्सागुम्बा सङ्कलन हुने गर्छ । विश्व बजारमा वार्षिक ८३ देखि १८३ मेट्रिक टन यार्सागुम्बा आपूर्ति हुने गरेकामा चीनबाट मात्र करीब ९५ प्रतिशतभन्दा बढी आपूर्ति हुने गर्छ ।

**ठूलो कारोबारको क्षेत्र बन्दै**

नेपालमा २५ जिल्लामा यार्सा सङ्कलन भएपनि यसको व्यावसायिक सङ्कलन बढी डोल्पा, दार्चुला, अछाम, मनाङ, रुकुम, बझाङ, हुम्लालगायत १२ जिल्लाबाट हुने गरेको पाइन्छ । विश्वमा यार्सागुम्बाको प्रजाति पाँच सयभन्दा बढी छन् भने हालसम्म यार्सागुम्बाका ११ प्रजातिको पहिचान गरिएको आचार्यको भनाइ छ । नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०७०/७१ को प्रतिवेदन अनुसार नेपालमा करीब रु चार अर्ब ९२ करोडको यार्सागुम्बा सङ्कलन गरिएको थियो ।

यार्सागुम्बाको खुल्ला बजारमा न्यूनतम एक किलोको मूल्य ३० लाखदेखि अधिकतम रु ८० लाखसम्म पर्छ भने प्रतिगोटा दुई हजारदेखि पाँच हजारसम्ममा बिक्री वितरण गरिएको पाइएको छ । नेपालबाट वार्षिक पाँच हजार किलो यार्सागुम्बा निकासी हुने अनुमान गरिएको आचार्यले जानकारी दिए ।

खासगरी यार्सागुम्बा सङ्कलन गर्नका लागि संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज, वन कार्यालयबाट अनुमति लिनुपर्छ । दार्चुलाको अपिनम्पा संरक्षण क्षेत्र कार्यालयका प्रमुख (वार्डेन) विनयकुमार झाले स्वीकृत व्यवस्थापन कार्ययोजनामा उल्लेख भएबमोजिम प्रत्येक आर्थिक वर्षमा जम्मा ८५० किलोको राजस्व लिई जिल्लाबाहिर निकासा दिने छोडपुर्जी कार्यालयले दिने गरेको जानकारी दिए । उनका अनुसार यार्सागुम्बा प्रतिकिलो ३१ हजार राजस्व दाखिला गरी जिल्लाबाहिर यार्सागुम्बा निकासी हुने गरेको छ । चालू आर्थिक वर्ष २०८०/८१ देखि हालसम्म जम्मा राजस्व सङ्कलन रकम रु एक करोड ८० लाख ८६ हजार ८०५ भएको छ भने गत आवमा राजस्व रकम रु एक करोड ५२ लाख एक हजार ६२५ सङ्कलन भएको थियो । गत वर्षभन्दा यस वर्ष आम्दानी बढेको झाले बताए ।

चालू आवको जेठसम्म संरक्षण क्षेत्रभित्रका यार्सा सङ्कलन गर्न जाने ७०५ रहेका छन् । संरक्षण क्षेत्रभित्रको लागि कार्ड लिएबापत रु पाँच सय शुल्क तिर्नुपर्ने, जिल्लाभित्रका लागि दुई हजार र जिल्लाबाहिरका लागि रु तीन हजार शुल्क तिर्नुपर्ने व्यवस्था छ ।

वन निर्देशनालय सुदूरपश्चिमका निर्देशक हेमराज विष्टले दार्चुला जिल्लाको तीन देशीय नाका क्षेत्रमा यार्सागुम्बा सङ्कलनका समयमा अन्तर्राष्ट्रिय देशबाट हजारौंका सङ्ख्यामा व्यापारी तथा यार्सा सङ्कलनकर्ताहरू आउने गरेको जानकारी दिए । यार्सागुम्बा टिप्न जानुभन्दा पहिला सबैले कुलदेवता तथा प्रकृतिलाई पूजा गरेर मात्र जानुपर्ने चलन छ । यस क्षेत्रमा मन्दिरहरू हुन्छन् तर मन्दिरभित्र मूर्ति हुँदैनन् । त्यस्तै, महिलाहरू महीनावारी हुँदा यार्सा टिप्दैनन् । त्यस बेला उनीहरूले औषधिसेवन गरेर मात्र टिप्ने गर्छन् । महीनावारी भएको बेलामा यार्सा टिपेमा देउता रिसाउँछन् भने जनविश्वास रहेको महाकाली नगरपालिका छाप्रीमा बस्ने यार्सागुम्बा व्यापारी सन्तोष कुम्मरले भने ।

यार्सागुम्बा सङ्कलनको बेला हिमाल तथा उच्च पहाडी क्षेत्रमा गाउँ नै रित्तिने गरी मानिसहरू पाटनतिर लागेका हुन्छन् । ससाना बालबालिका पनि आमाबुबासँगै लगिएका हुन्छन् । बालबालिकाको आँखा तेजिलो हुने हुँदा छिटो यार्सागुम्बा चिन्न र टिप्न सक्छन् भनेर यार्सा सङ्कलनमा उनीहरूलाई लैजाने गरिन्छ । घरमा बूढाबूढी र गाईवस्तु मात्रै हुन्छन् । यतिबेला वन्यजन्तु चोरी शिकारीको घटना पनि बढ्न थालेका छन् ।

यार्सा टिप्ने ठाउँमा प्रत्येक वर्ष आआफ्नो क्षेत्र स्थान छुट्याएको हुन्छ । कसैले पनि अर्काको स्थानमा पस्न पाउँदैन । आफ्नो पुरानै स्थानमा गएर पाल राखेर समूहमा बस्ने गर्छन् । यार्सागुम्बा भएको ठाउँमा बोटबिरुवा हुँदैन । बादल लाग्ने बित्तिकै हिउँ पर्न थाल्छ । कतिपय ठाउँमा हिउँ पन्छ्याउँदै यार्सा बसेर कुट्टोले खनेर टिप्नुपर्ने हुँदा कतिपयलाई लेक लाग्ने वा अन्य बिरामी पर्ने सम्भावना पनि रहन्छ । उनीहरू लेकबाट जोगिनका लागि घरेलु औषधिको रूपमा टिमुर, डोली, मह, प्याज, गुड, लसुन लिएर जाने गर्छन् ।



यार्सागुम्बाको बढ्दो सङ्कलन तथा कारोबारसँगै उच्च पहाडी तथा हिमाली भेगमा शिक्षा, स्वास्थ्य तथा शान्ति सुरक्षा, सामाजिक स्थितिमा प्रतिकूल प्रभाव पनि पर्ने गरेको छ । कतिपय ठाउँमा विद्यार्थी, शिक्षक, कर्मचारी उल्लेख्य सङ्ख्यामा यार्साको सङ्कलनमा जाने गर्दा जेठदेखि असोजसम्म विद्यालय नै बन्द हुने गरेको पाइन्छ ।

**यार्साको जीवनचक्र**

समुद्री सतहबाट तीन हजार पाँच सय मिटरदेखि पाँच हजार पाँच सय मिटरसम्मको उचाइमा यार्सागुम्बा पाइन्छ । यो एक प्रकारको च्याउ तथा लार्भा अवस्थाको पुतलीको संयुक्त रूप हो । हिमाली भेगमा हिउँ सकिएपछि वैशाखतिर हिउँ पग्लन्छ र बिरुवाहरू उम्रिएर फूल फुल्न थाल्छन् । त्यहीं समयमा पुतलीहरूले फूल पार्ने गर्छन् । पुतलीको लार्भा अवस्थामा सङ्क्रमण हुँदै पूरै शरीर नै तन्तुले भरिन्छ । वसन्त ऋतुसम्ममा यो आँख्लैआख्ला भएको लामो डाँटमा परिणत हुन्छ ।

यो जमीनमुनिबाट लार्भाको टाउको भएर बाहिर अङ्कुरित हुन्छ । जमीनमुनिको भाग सुनौलो रङको दुईदेखि चार मिलिमिटर मोटो र तीनदेखि पाँच सेन्टिमिटर जति लामो हुन्छ भने माथिको भाग चारदेखि सात सेन्टिमिटर जति खैरो रङको लामो हुन्छ । तौल ०.८ देखि ०.११ मिलिग्रामसम्मको हुन्छ ।

यसलाई तिब्बती भाषामा यार्चाकुन्बु भनिन्छ । 'यार' भनेको वर्षा, 'चा' भनेको झार, 'कुन' भनेको हिउँद र 'बु' भनेको कीरा हो । यार्चाकुन्बुबाट नै यार्सागुम्बा नाम रहन गएको हो भनिन्छ । यसलाई नेपालमा यर्सागुम्बा, यार्चागुम्बा, कीराघाँस, जीवनबुटी, भियाग्रा, सञ्जीवनी, कीराझार आदि नामले चिनिन्छ ।

**यार्साको बहुउपयोगिता**

यार्सागुम्बा एक प्रकारको बहुपोषक भिटामिनयुक्त जडीबुटी हो । यसलाई शक्तिवर्धक र रगत बढाउने औषधिको रूपमा पनि लिइन्छ । लामो समयको बिरामीलाई तागत दिने रक्तअल्पता एवं उमेर बढ्दै गएपछि हुने समस्याको उपचारमा समेत यो प्रयोग गरिन्छ । यसमा एन्टिबायोटिक गुण पनि रहेको हुनाले छाती तथा फोक्सोको सङ्क्रमण, क्षयरोग, खोकी, रक्तचाप, कोलेस्ट्रोल, यौनशक्ति बढाउने, क्यान्सर, मिर्गौला, कलेजो, हेपाइटिस बी जस्ता रोगमा पनि औषधिको रूपमा सेवन गरिन्छ । यार्सागुम्बाको केही भाग धुलो बनाएर मनतातो दूध वा पानीमा मह मिसाएर रातिमा खाएमा शरीरमा रोग प्रतिरोधात्मक शक्ति पनि बढ्ने विश्वास गरिएको ब्यास गाउँपालिकाका स्थानीयवासी प्रेम रोकायाले बताए ।

विश्व जलवायु परिवर्तनले गर्दा यार्सागुम्बाको फङ्गस उम्रनमा धेरै नै असर परेको छ । यो उम्रनको लागि बाक्लो हिउँ चाहिन्छ तर विश्व जलवायु परिवर्तनका कारण तापमान बढ्दै जाँदा हिउँ पर्ने क्रममा आएको फेरबदलले यो प्रजातिमा पनि सङ्कट परेको छ । जथाभावी यार्सा सङ्कलन गर्ने, यार्सा टिप्न जाँदा प्लास्टिक तथा सीसाजन्य वस्तु जथाभावी फाल्ने गर्दा पनि यसको उत्पादनमा क्रमशः ह्रास आइरहेको छ । हिमाली तथा पहाडी भेगका बासिन्दाहरू बहुमूल्य जडीबुटी यार्सागुम्बा सङ्कलन गरी बिक्री वितरण गर्दा जनताको आर्थिक स्थिति, पर्यटन, होटल, बैंक तथा वित्तीय संस्थाहरूलगायत आयआर्जन तथा रोजगारका अवसरमा वृद्धि भएको पाइन्छ । हिमाली क्षेत्रका अधिकांश परिवारको वर्षभरिको जीविकोपार्जनका लागि यार्सागुम्बालगायत बहुमूल्य जडीबुटी नै मुख्य आम्दानीको स्रोत रहेको छ ।

## फरक समाचार

# जीवनसाथीसँग यस्तो व्यवहार नगर्नुस्

तपाई जीवनभर पति वा पत्नीसँग रहने वाचा गर्नुहुन्छ, तर यो काम सजिलो छैन । यसका लागि धेरै त्याग गर्नुपर्छ वा मन मार्नुपर्छ । यहाँ आपसी समझदारी, विश्वास र सम्मान आवश्यक छ । तर कहिलेकाहीं केही बानीले यो सम्बन्धमा समस्या निम्त्याउन सक्छ । यहाँ हामी त्यस्ता पाँच बानीको बारेमा चर्चा गर्नेछौं, जुन तपाईंको जीवनसाथीलाई मन नपर्ने हुन सक्छ ।



**हदभन्दा बढी आलोचना गर्नु:** सबैमा कमजोरीहरू हुन्छन्, तर जब हामी हाम्रा जीवनसाथीको बारेमा नराम्रो कुरा गर्छौं, यसले उनीहरूको आत्मविश्वासलाई चोट पुर्‍याउन सक्छ । आलोचनाको मतलब यो होइन कि तपाई सधैं सही हुनुहुन्छ । यदि तपाई सधैं उसको काम वा बानीको आलोचना गर्नुहुन्छ भने यसले सम्बन्धमा तनाव सिर्जना गर्न सक्छ । यदि तपाईंले उसको सकारात्मकतामा ध्यान केन्द्रित गर्नुभयो र आवश्यक पर्दा शान्त तरीकाले सल्लाह दिनुभयो भने यो राम्रो हुनेछ ।

**सञ्चार:** सञ्चार एउटा स्वस्थ सम्बन्धको आधार हो । जब तपाई आफ्नो पार्टनरसँग खुलेर कुरा गर्नुहुन्न वा उसले भनेको कुरालाई बेवास्ता गर्नुहुन्छ, यसबाट ऊ धेरै निराश हुन सक्छ । सञ्चारको कमीले आशङ्का बढाउन सक्छ र तपाईंको सम्बन्ध कमजोर हुन सक्छ । त्यसैले आफ्नो पार्टनरसँग खुलेर र इमानदारीपूर्वक कुरा गर्नुहोस् ।

**गुणस्तरीय समय खर्च नगर्ने:** आजकल हरेक व्यक्ति कुनै न कुनै कारणले व्यस्त रहन्छन् तर तपाईले आफ्नो पार्टनरका लागि गुणस्तरीय समय निकाल्नुपर्छ । यदि तपाई यो गर्न सक्षम हुनुहुन्न भने यो सम्बन्धको लागि एक समस्याको कारण हुन सक्छ । सँगै फिल्म हेर्ने, लन्च वा डिनरको लागि बाहिर जाने वा कतै यात्राको योजना बनाउनुपर्छ ।

**अत्यधिक अपेक्षा राख्नु:** आफ्नो जीवनसाथीबाट धेरै अपेक्षा राख्नुले पनि सम्बन्धमा चीसोपन पैदा गर्न सक्छ । यदि तपाई लगातार परफेक्ट हुने आशा गर्नुहुन्छ भने यो जीवनसाथीको लागि बोझ हुन सक्छ । याद गर्नुहोस् कि कुनै पनि व्यक्ति परफेक्ट हुँदैन । उसको विशेषता र कमजोरीहरू स्वीकार गर्नुहोस् र सन्तुलित जीवन बिताउने प्रयास गर्नुहोस् ।

**ईर्ष्या र शङ्का:** विश्वास कुनै पनि सम्बन्धको आधार हो । यदि तपाई जीवनसाथीप्रति अनावश्यकरूपमा शङ्का गर्नुहुन्छ वा सधैं ईर्ष्या गर्नुहुन्छ भने यसले सम्बन्ध बिगार्न सक्छ । आफ्नो पार्टनरलाई विश्वास गर्नुहोस् र उसको व्यक्तिगत स्वतन्त्रताको सम्मान गर्नुहोस् । कुनै कुरामा शङ्का लागेमा खुलेर बोल्नुहोस् तर ठोस प्रमाणविना आरोप नलगाउनुहोस् ।

# एसीमा लगातार बस्दा 'सिक बिल्डिङ सिन्ड्रोम' हुन सक्छ

वातानुकूलित कोठामा बस्दा हुने बेफाइदाका बारेमा हामीले बारम्बार सुनेका छौं । चर्चित न्यूरोसर्जन डा पायोज पाण्डेले अर्को समस्याबारे चेतावनी दिएका छन् । उनका अनुसार एसी कोठा वा अफिसमा लगातार बस्दा सिक बिल्डिङ सिन्ड्रोम (एसबिएस)सम्बन्धी स्वास्थ्य समस्या हुन सक्छ । यो सिन्ड्रोमले आँखा, घाँटी र छालाको सुख्खापन र जलन जस्ता लक्षणहरू निम्त्याउँछन्, जुन प्रायः सुख्खा एसी हावाको लामो समयसम्म सम्पर्कमा रहँदा बढ्छ ।



**एसी हावा स्वास्थ्यका लागि राम्रो होइन:** वातानुकूलित वातावरणमा खराब इन्डोर हावाको गुणस्तरले श्वासप्रश्वास समस्याहरू बढाउन सक्छन्, विशेषगरी एलर्जी वा दम भएका मानिसहरूमा । यद्यपि एसी प्रयोगले आँखा वा मुटु जस्ता विशिष्ट अङ्गहरूलाई प्रत्यक्षरूपमा हानि गर्दैन, यसले समग्र आरामलाई महत्वपूर्णरूपमा असर गर्न सक्छ र स्वास्थ्य अवस्थाहरू बिग्रन सक्छन् ।

**एबिएसको जोखिम कसरी कम गर्ने:** सिक बिल्डिङ सिन्ड्रोमसँग सम्बन्धित जोखिमहरू कम गर्ने धेरै उपाय छन् । सबैभन्दा पहिले, इन्डोर स्पेसमा उचित आर्द्रता कायम राख्न महत्वपूर्ण हुन्छ किनभने एसीको सुख्खा हावाले असुविधा उत्पन्न गर्न सक्छ, जुन स्वास्थ्यको लागि हानिकारक छ । एसीको फिल्टरको नियमित सफाइ पनि आवश्यक छ ताकि धूलो र ढुसी जम्मा नहोस्, जसले गर्दा हावाको गुणस्तरमा प्रतिकूल असर पर्छ ।

एबिएसको जोखिम कम गर्न तपाईले प्राकृतिक भेन्टिलेशनमा ध्यान दिनुपर्छ, जब बाहिरको तापक्रम सामान्य हुन्छ, कोठाको झ्याल र भेन्टिलेशनहरू खोल्नुहोस् । घरमा क्रस भेन्टिलेशन सुनिश्चित गर्नुहोस् ।

कोठामा हावा सफा राख्न केही इन्डोर बिरुवाहरू भाँडोमा रोप्न सकिन्छ । यी बिरुवाहरूले प्राकृतिक वायु शुद्धीकरणको रूपमा काम गर्छन् किनभने तिनीहरूले कार्बन डाइअक्साइड अवशोषित गर्छन् र अक्सिजन छोड्छन् । यसको मतलब कोठाको हावाको गुणस्तर राम्रो हुन्छ ।

यसबाहेक सिक बिल्डिङ सिन्ड्रोमलाई रोक्नको लागि तपाईले बजारमा उपलब्ध एयर प्युरिफायरहरू प्रयोग गर्न सक्नुहुन्छ, जसमा एचइपिए फिल्टरहरू लगाइएका हुन्छन् । यसले हावामा उपस्थित कणहरू र एलर्जीहरूलाई हटाउँछ र एसबिएसको जोखिम कम गर्न सक्छ ।

हाइड्रेटेड रहनु पनि एउटा महत्वपूर्ण समाधान हो । यदि तपाई दिनभरि सही मात्रामा पानी पिउनुहुन्छ भने यसले श्लेष्म झिल्लीमा आर्द्रता कायम राख्छ, जसले गर्दा आँखा, घाँटी र छालाले सुख्खापनको सामना गर्नुपर्दैन ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## ड्रोन आक्रमणमा परी १८ इजरायली सैनिक घाइते


तस्वीरः एजेन्सी

जेरुसेलम, १७ असार/सिन्ह्वा

इजरायलको नियन्त्रणमा रहेको गोलान हाइट्समा आइतवार भएको ड्रोन आक्रमणमा परी १८ जना इजरायली सैनिक घाइते भएका छन् भने एकको अवस्था गम्भीर रहेको इजरायली रक्षा बल (आइडिएफ)ले जनाएको छ।

आइडिएफले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "गोलान हाइट्सको उत्तरी क्षेत्रमा आक्रमण भएको थियो, यद्यपि ड्रोन कताबाट आएको थियो भन्नेबारे केही बताइएको छैन।"

घाइते सैनिकहरूलाई तत्काल उपचारका लागि नजीकैको अस्पतालमा लगिएको छ।

प्रतिक्रियामा इजरायली वायुसेनाले आइतवार राति दक्षिणी लेबनानको हिजबुल्लाह शिविरलाई लक्षित गरी आक्रमण गरेको छ।

आक्रमणमा मर्काबानजीकैको हिजबुल्लाह अवलोकन चौकी र आयता एस शाबनजीकैको उत्तरी इजरायलतर्फ मिसाइल प्रक्षेपण गर्न प्रयोग गरिएको लन्चरस्थलमा प्रहार गरिएको इजरायली सेनाले बताएको छ।

पछिल्लो घटनाले इजरायल र लेबनानको सशस्त्र समूह तथा राजनीतिक दल हिजबुल्लाहबीच सन् २०२३ को अक्टोबरदेखि जारी सीमापार हिंसाको निरन्तरतालाई सङ्केत गरेको छ। रासस

## राष्ट्रपति रामाफोसाद्वारा गठबन्धन सरकार गठनको घोषणा

जोहानेसबर्ग, १७ असार/एएफपी

दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले विभिन्न राजनीतिक दलका मन्त्रीहरू सम्मिलित नयाँ राष्ट्रिय कार्यकारी मन्त्रिमण्डलको आइतवार घोषणा गरेका छन्।

प्रमुख विपक्षी दलले थप मन्त्री पदको माग गरेपछि लामो वार्ता लगभग असफल भएका अनुमानहरू भइरहेका समय राष्ट्रपति रामाफोसाले अन्ततः लामो समयदेखि प्रतीक्षा गरिएको संयुक्त सरकार गठन प्रस्तावको घोषणा गरेका हुन्।

गत जून १९ मा रामाफोसाले आफ्नो दोस्रो कार्यकालका लागि शपथ लिएको एक साताभन्दा बढी समयपछि यो घोषणा गरिएको हो। निर्वाचनमा उनको दल अफ्रिकन नेशनल कङ्ग्रेस (एएनसी)ले सरकार गठनका लागि आवश्यक बहुमत ल्याउन असफल भएपछि एएनसीले तीन दशकमा पहिलोपटक सत्ता साझेदारी गर्न बाध्य भएको छ।

एएनसीले डेमोक्र्याटिक एलायन्स (डिए), इन्काथा फ्रिडम पार्टी, अजानियाको पान अफ्रिकनिस्ट कङ्ग्रेसजस्ता १० विपक्षी दल मिलेर संयुक्त सरकारको गठन भएको हो।

रामाफोसाले अबेर राति टेलिभिजनमा सम्बोधन गर्दै अर्थतन्त्र र सरकारको स्थायित्व नयाँ मन्त्रिमण्डलका लागि सबैभन्दा ठूलो चिन्ताको विषय हुने बताए।

"आगामी सरकारले तीव्र, समावेशी र दिगो आर्थिक वृद्धि र गरीबी तथा असमानताको सामना गर्दै न्यायपूर्ण समाजको निर्माणलाई प्राथमिकता दिनेछ," राष्ट्रपति रामाफोसाले नयाँ सरकारमा मन्त्रिमण्डलको घोषणा गर्दै भने। हालैको चुनावमा २१ प्रतिशतभन्दा बढी मत प्राप्त गरेको डिएलाई छवटा मन्त्री दिइएको छ भने पार्टीका नेता ४८ वर्षीय जोन स्टेनहुसेनलाई कृषिमन्त्री नियुक्त गरिएको छ। केही साना दलले पनि आफ्ना नेतालाई मन्त्रीमा देख्न पाएका छन्। रासस

## फ्रान्सको निर्वाचनमा ले पेनको दल अगाडि

पेरिस, १७ असार/एएफपी

फ्रान्समा पहिलो चरणको विधायिकी निर्वाचनमा विजय हासिल गरेपछि फ्रान्सको अति दक्षिणपन्थीहरूले आइतवार सरकार गठन गर्ने र प्रधानमन्त्री पदको दाबी गर्ने ऐतिहासिक अवसरको खोजी गरिरहेका छन्। प्रमुख फ्रान्सेली मतदान फर्महरूको अनुमान अनुसार आरएनले ३३ देखि ३३ प्रतिशत मत प्राप्त गरेको छ भने वामपन्थी न्यू पपुलर फ्रन्ट गठबन्धनले २८ प्रतिशत र म्याक्रोंको मध्यमार्गी खेमाले २१ प्रतिशत मत प्राप्त गरेको छ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंको मध्यमार्गी शक्तिले तेस्रो स्थानमा चित्त बुझाउनुपरेपछि जुलाई ७ मा हुने दोस्रो चरणको निर्वाचनमा देशलाई बर्बादीबाट जोगाउन आफ्नो दललाई मतदान गर्न राष्ट्रपति म्याक्रोंसहितका नेताले निर्वाचन अभियानलाई सशक्त बनाउने बताएका छन्। तर निर्वाचनका लागि एक हप्ताको समय मात्र रहेको छ।

नेशनल र्‍याली (आरएन) पार्टी मरिन ले पेनले नयाँ नेशनल एसेम्बलीमा पूर्ण बहुमत प्राप्त गर्नेछ वा छैन भन्ने स्पष्ट भइसकेको छैन। ले पेनका समर्थक २८ वर्षीय जोर्डन बर्डेलालाई प्रधानमन्त्री बन्न र सत्ता सम्हाल्न निश्चित हुन आरएनलाई अहिलेको भन्दा निकै धेरै मतको आवश्यकता पर्नेछ।

यसै महीना युरोपेली संसद्को चुनावमा आरएनले आफ्नो मध्यमार्गी शक्तिलाई पराजित गरेपछि म्याक्रोंले मध्यावधि चुनावको आह्वान गरेका थिए। निर्वाचनमा जाने राष्ट्रपति म्याक्रोंको निर्णयले उनका केही सहयोगीहरूसमेतलाई चकित पारेको थियो।

निर्वाचन घोषणाले म्याक्रोंलाई आफैंमाथि मार पर्ने जोखिम देखिएको छ। पहिलो चरणको निर्वाचन परिणाम नउल्टिएमा यसले राष्ट्रपतिलाई आफ्नो कार्यकालको बाँकी तीन वर्षका लागि निकै कम शक्तिशाली व्यक्ति बनाउनेछ।

दोस्रो चरणको निर्वाचनपछि ५७७ सदस्यीय राष्ट्रियसभामा आरएनले बहुमत प्राप्त गर्ने मतदान एजेन्सीहरूले अनुमान गरेका छन्। तर पूर्ण बहुमतका लागि आवश्यक पर्ने २८९ सिट पार्टीले प्राप्त गर्ने आधार स्पष्ट भइसकेको छैन। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | धनखति | वृष | सुयश |
| मिथुन | बेचैनी | कर्कट | मनोरञ्जन |
| सिंह | कर्मप्राप्ति | कन्या | राज्यभय |
| तुला | वादविवाद | वृश्चिक | यात्रालाभ |
| धनु | कडाश्रम | मकर | कार्यनाश |
| कुम्भ | उदरपीडा | मीन | विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट-पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**रणवाङको फाँटः** म्याग्दीको मङ्गला गाउँपालिका–२ स्थित रणवाङको फाँट। बेनी–दरबाङ सडकखण्डसँगै जोडिएको यो फाँट 'अर्गानिक' खेतीका लागि प्रसिद्ध छ। तस्बिरः ध्रुवसागर शर्मा/रासस

## शिक्षा क्षेत्रमा संरचनागत सुधारको प्रयास जारी छ

काठमाडौं, १७ असार/रासस

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले शिक्षा क्षेत्रको संरचनागत सुधारका लागि प्रयास भइरहेको बताएकी छन्।

प्रतिनिधिसभाको सोमवारको बैठकमा सांसदहरूबाट उठेका प्रश्नको जवाफ दिंदै शिक्षामन्त्री श्रेष्ठले यस क्षेत्रको सुधारका लागि मन्त्रालय मात्र नभई सबै पक्ष जिम्मेवारीका साथ लाग्नुपर्ने बताइन्।

"शिक्षा क्षेत्रमा संरचनागत सुधार आवश्यक छ भन्न थालेको लामो समय भयो तर संरचनागत सुधार मन्त्री परिवर्तन गरेर मात्र हुने कुरा होइन। सुधारका लागि सरकारको मुख मात्र ताकेर हुँदैन," उनले भनिन्, "संरचनागत सुधारका लागि सुझाव दिने कार्यदल गठनको तयारी भइरहेको छ।

शिक्षा मन्त्रालयमा बाहिरका कर्मचारी नआउने र शिक्षा क्षेत्रकै कर्मचारी आउने व्यवस्था गर्ने तथा शिक्षाको गुणस्तर मापन गर्ने संयन्त्र तयार पार्नेगरी काम भइरहेको छ।" शिक्षा क्षेत्रको रूपान्तरणका लागि शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक सबैको जिम्मेवारी हुने मन्त्री श्रेष्ठले दोहोर्‍याइन्।

सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूका लागि छुट्टै सेवा आयोग बनाउने विषयमा काम भइरहेको जानकारी दिंदै शिक्षामन्त्रीले हालै सार्वजनिक भएको


तस्वीरः प्रतीक

माध्यमिक शिक्षा परीक्षा (एसइई)को निर्मम समीक्षा गर्नुपर्ने बताइन्।

शिक्षालाई श्रम बजारसँग जोड्नेगरी 'समाजसँग पाठ्यक्रम' कार्यक्रम ल्याइएको र विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रम बनाउँदा पनि रोजगारसँग जोड्ने गरी बनाउन निर्देशन दिएको उनको भनाइ थियो। विद्यालय व्यवस्थापन समिति कसरी गठन भएको छ भनेर अध्ययन भइरहेको, विद्यार्थी र शिक्षकको अनुपात असन्तुलित देखिएकाले प्राथमिक तहका दरबन्दी काटेर माथिल्लो तहमा दरबन्दी बढाउन सकिनेबारे मन्त्रालयले गृहकार्य गरिरहेकोलगायत सुधारका काम भएका उनले जानकारी दिइन्।

आगामी आर्थिक वर्षको बजेटमा सामुदायिक विद्यालयमा एक हजार कक्षाकोठा थप्ने गरी योजना तर्जुमा गरिएको तथा त्यो मानव सूचकाङ्कमा पछाडि परेका २४० वटा पालिकामा विनियोजन गरिएको मन्त्री श्रेष्ठले बताइन्।

त्रिभुवन विश्वविद्यालयको जग्गा अतिक्रमण सम्बन्धमा पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा गठन भएको छानबीन कार्यदलले प्रस्तुत गर्ने प्रतिवेदन अनुसार निर्णय हुने उनले जानकारी दिइन्।

## विद्युतीय सामग्री र 'ब्रेक सु'मा लुकाएर सुन तस्करी

काठमाडौं, १७ असार/रासस

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले विद्युतीय सामग्री र 'ब्रेक सु'मा लुकाएर रु ३१ अर्बभन्दा बढी रकम बराबरको सुन तस्करी भएको बताएको छ।

२०८० साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट 'ब्रेक सु'मा लुकाएर ल्याएको ६० किलो ७१६ ग्राम सुन तस्करीको अनुसन्धानका क्रममा विभिन्न पाँचवटा नक्कली कम्पनीमार्फत हालसम्म रु ३१ अर्ब ८२ करोड २२ लाख ९१ हजार २७२ मूल्य बराबरको सुन तस्करी भएको पाइएको प्रहरीले जनाएको छ।

सोमवार आयोजित पत्रकार सम्मेलनमा सिआइबीका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) श्यामलाल ज्ञवालीले ६० किलोग्राम सुन तस्करीको अनुसन्धानका क्रममा थप २० जनालाई पक्राउ गरिएको जानकारी दिए।

"विभिन्न पाँचवटा नक्कली कम्पनीमार्फत इलेक्ट्रोनिक मालवस्तुमा लुकाइछिपाइ दुई हजार ८३१ किलो ८९ ग्राम र ब्रेक सुमा लुकाएर ३६२ किलो ७७८ ग्राम सुन तस्करी भएको अनुसन्धानमा देखिएको छ," ब्यूरो प्रमुख ज्ञवालीले भने।

प्रहरीका अनुसार भुजेल इलेक्ट्रिक्स सप्लायर्स प्रालिमार्फत एक हजार ३०३ किलोग्राम ९६५ ग्राम, ह्वादा इलेक्ट्रिक सप्लायर्स प्रालिमार्फत ६३२ किलोग्राम ७९५ ग्राम, चुनगाक इलेक्ट्रिक सप्लायर्स प्रालिमार्फत ७१६ किलोग्राम ८३ ग्राम, दोलखा इलेक्ट्रिक सप्लायर्स प्रालिमार्फत १७० किलोग्राम आठ ग्राम र रेडी ट्रेड


तस्वीरः रासस

प्रालिमार्फत सात किलोग्राम पाँच ग्राम अवैध सुन नेपाल भित्रिएको थियो। ब्रेक सुमार्फत यसअघि ३६२ किलोग्राम ७७८ ग्राम अवैध सुन भित्रिएको थियो।

अवैधरूपमा भित्रिएका सुनको भुक्तानी प्रक्रियामा भने नेपालका दुईवटा पेमेन्ट गेटवेसमेत संलग्न रहेको खुल्न आएको छ। 'पे वेल' नेपाल प्राइभेट लिमिटेड र सजिलो पेमेन्ट सर्भिस प्राइभेट लिमिटेडका खातामा बचत गरी एजेन्टमार्फत अवैध सुनको भुक्तानी भएको पत्रकार सम्मेलनमा जानकारी गराइयो।

२०८० वैशाख १२ देखि २०८१ जेठ २१ गतेसम्म पे वेलको वालेटमा रु ८६ अर्ब १७ करोड ११ लाख ५३ हजार २५३ कारोबार भएको र सजिलो पेको वालेटमार्फत २०७८ जेठदेखि २०८१ जेठसम्म रु ३६ अर्ब ९४ करोड ३५ लाख ७५ हजार २४७ कारोबार भएको पाइएको छ।

सिआइबीले उक्त प्रकरणमा 'पे वेल' नेपाल प्राइभेट लिमिटेड र सजिलो पेमेन्ट सर्भिस प्राइभेट लिमिटेडमा संलग्न सञ्चालक समिति, कर्मचारी र एजेन्ट गरी आठजनालाई पक्राउसमेत गरेको छ।

ब्रेक सुमा लुकाएर ल्याएको सुनको परिमाण ३६२ किलोग्राम ७७८ ग्राम रहेको देखिएको भन्दै सिआइबीले विसं २०८० भदौ ३१ गते २९ जनाउपर अभियोगपत्र दायर गरेको थियो। उनीहरूबाट रु तीन अर्ब ५० करोड दुई लाख १६ हजार ५५२ मागदाबी गरिएको थियो।

सिआइबीले पक्राउ गरेका २९ जनामध्ये २४ जना अभियुक्त हाल पुर्पक्षका लागि थुनामा छन्। यस्तै, सोही सुन प्रकरणमा दोस्रो चरणमा २०

(बाँकी अन्तिम पातामा)



वीरगंजको घण्टाघरदेखि आदर्शनगर जाने सडक साँघुरो र यातायात साधनहरूको चाप बढेपछि यसैगरी जाम लाग्ने गरेको छ। जसले गर्दा सो सडक भएर आउजाउ गर्नेहरूले निकै समस्या भोग्नुपरेको छ। तस्वीरः प्रतीक

# बहुआयामिक परियोजनाबारे मुख्यमन्त्रीसँग छलफल

प्रस, वीरगंज, १७ असार/

मधेस प्रदेशका मुख्यमन्त्री सतीश सिंह र क्रिएशन नेपालका प्रतिनिधिबीच बहुआयामिक परियोजना सञ्चालनबारे छलफल भएको छ।

सोमवार मुख्यमन्त्री निवासमा भएको छलफलमा मुख्यमन्त्री सिंहले क्रिएशन नेपालले अगाडि सारेका परियोजनाहरू आवश्यक रहेको र प्रदेश सरकारले पूर्ण सहयोग गर्ने बताए।

मधेस योजना आयोगका उपाध्यक्ष डा सोहन साहले परियोजनाहरू छिटो कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका थिए।

जलवायु परिवर्तन, प्लास्टिकजन्य फोहोरमैला व्यवस्थापन, पर्यटन विस्तार, मधेस लगानी सम्मेलनलगायत तत्काल परिणाम दिन सक्ने परियोजनाबारे छलफल भएको मुख्यमन्त्री सचिवालयले जनाएको छ।



तस्वीरः सौजन्य

क्रिएशन नेपालकी सचिव सुजाता कोइरालाको नेतृत्वमा आएको चार सदस्यीय टोलीले परियोजनाबारे प्रस्तुतीकरण गरेका थिए। छलफलमा क्रिएशन नेपालद्वारा सञ्चालित ग्रीनशिफ्ट परियोजनाका प्रमुख युनिश घिमिरे, क्याप परियोजनाका लिड उज्ज्वल उपाध्याय र मिडिया सल्लाहकार अनन्त अनुराग पनि सहभागी थिए।

# स्वास्थ्य क्षेत्रमा जनशक्ति थप्ने तयारीमा- स्वास्थ्यमन्त्री

काठमाडौं, १७ असार/रासस

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप यादवले स्वास्थ्य क्षेत्रमा जनशक्ति थप्न तयारी भइरहेको बताए।

सोमवार स्वास्थ्य मन्त्रालयमा भएको पत्रकार सम्मेलनमा उनले देशभर करिब ९२ हजार स्वास्थ्य जनशक्तिको दरबन्दी बढाउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम)को काम भइरहेको जानकारी दिए। उनले भने, "जनशक्ति बढाउन हामी काम गरिरहेका छौं। त्यससम्बन्धी प्रस्ताव अर्थ मन्त्रालयमा पठाएका छौं। यो कार्यान्वयन भयो भने धेरै समस्या हल हुन्छन्।"

फरक प्रसङ्गमा मन्त्री यादवले जनशक्ति अभाव भएका बेला करारमा पनि दक्ष व्यक्तिलाई काम लगाउन अस्पताललाई निर्देशन दिइएको बताए।

"जनता निराश छ। शय्या पाएको छैन। फार्मेसीमा औषधि पाइँदैन। शल्यक्रियाका लागि समय नपाउने समस्या छ। सोर्स लगाउनुपर्ने अवस्था छ, त्यस्तो



स्वास्थ्यमन्त्री प्रदीप यादव

अवस्थाको अन्त्यका लागिपरेको छु," स्वास्थ्यमन्त्रीले भने। उनले अस्पताल तथा फार्मेसीको अनुगमनले काम गर्ने उर्जा दिएको र स्वास्थ्य क्षेत्रको वास्तविक अवस्थालाई नियाल्न पाएको बताए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## विद्युतीय सामग्री ...

जनालाई पक्राउ गरेको छ।

वैशाखबाट शुरू गरिएको दोस्रो चरणको अनुसन्धानमा १४ नेपाली, दुई चिनियाँ र चार भारतीय नागरिक पक्राउ परेका छन्। पक्राउ परेका भारतीय नागरिकमा बैजनाथ महादत्त गोयल, सिद्धनाथ अशोक गायकवाड, धीरज दिनेश भोइटे र प्रशान्त गणेश बजबलकर रहेका छन्। यस्तै, चिनियाँ नागरिकमा सोनाम गुरुङ भन्ने सराव ग्याल्मो र जेन्गा जाग्सी रहेका छन्।

पक्राउ पर्ने नेपालीमा पर्सा वीरगंज-११ का सुरेन्द्रमान श्रेष्ठ, भक्तपुर सूर्यविनायक-५ का राजु खत्री, मध्यपुर-१५ का सुशील जाकिबन्जा, काभ्रेपलाञ्चोक तेमाल-४ का कान्छा लामा, नमोबुद्ध-१० का भीमप्रसाद तिमल्सिना, भुम्लु-१ का रूपक भण्डारी, काठमाडौं महानगर-७ का प्रज्वल आचार्य, काठमाडौं सुविधानगरका सुरजशमशेर जबरा, बाफलका कश्यप मानन्धर, गुल्मी सत्यवती-१ का लालबहादुर कुँवर, बारा जीतपुर-१९ का अरुणकुमार यादव छन्।

पक्राउ परेकाविरुद्ध सङ्गठित अपराध, सुनको चोरीपैठारी र केहीलाई बैंकिङ कसूरमा मुद्दा चलाउन सरकारी वकील कार्यालयमा पठाउने तयारी भइरहेको सिआइबीका प्रवक्ता एवं प्रहरी उपरीक्षक होविन्द्र बोगटीले जानकारी दिए।

# खेलकूदको संसार

## प्रकाश दाहाल स्मृति राष्ट्रिय बक्सिङ प्रतियोगिता उद्घाटन

काठमाडौं, १७ असार/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले खेल क्षेत्रको संस्थागत विकासका लागि खेलकूद प्रतियोगिताको भूमिका महत्त्वपूर्ण हुने बताएका छन्।

प्रकाश दाहाल फाउन्डेशन र नेपाल बक्सिङ महासङ्घको संयुक्त आयोजनामा सोमवारदेखि त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा शुरू भएको प्रकाश दाहाल स्मृति चौथो महिला तथा पुरुष खुला राष्ट्रिय बक्सिङ प्रतियोगिताको उद्घाटन गर्दै उनले प्रतियोगिताले बक्सिङ खेलमा थप योगदान पुऱ्याउने विश्वास व्यक्त गरे।

प्रधानमन्त्री प्रचण्डले दिवङ्गत प्रकाश दाहालको जन्मजयन्तीको अवसर पारेर आयोजित प्रतियोगितामा युवाहरूको उपस्थितिले प्रकाश युवामाझ लोकप्रिय रहेको आफूले महसूस गरेको बताए।

प्रकाश दाहाल फाउन्डेशनकी अध्यक्ष बिना मगरले यस प्रतियोगिताबाट राष्ट्रिय खेलाडी निर्माणमा सहयोग पुग्ने भन्दै प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने एक महिला र पुरुषलाई सम्मानस्वरूप एक थान मोटरसाइकल प्रदान गरिने बताइन्।

राष्ट्रिय खेलकूद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङले दिवङ्गत प्रकाश दाहालले देशको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको चर्चा गर्दै यस किसिमको प्रतियोगिताले बक्सिङ खेलबाट राष्ट्रिय टोलीको निर्माण गर्न योगदान पुग्ने बताए।

आजदेखि शुरू भएको उक्त प्रतियोगितामा महिला तथा पुरुष गरी दुई सय खेलाडीले प्रतिस्पर्धा गर्दैछन्। प्रतियोगिता यही असार २१ गतेसम्म सञ्चालन हुनेछ।

# डेङ्गुसम्बन्धी पोखरियामा अभिमुखीकरण

प्रस, परवानीपुर, १७ असार/

स्वास्थ्य कार्यालय, पर्साको आयोजनामा पोखरियामा एक दिने डेङ्गु तथा कीटजन्य रोग नियन्त्रणसम्बन्धी अभिमुखीकरण गोष्ठी सम्पन्न भएको छ।

रामदेवप्रसाद कलवार जिल्ला उचाङ्गल मावि पोखरियाको सभाहलमा आयोजित कार्यक्रममा पोखरिया नपाका १० वटा वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरूको सहभागिता थियो।

पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा उपप्रमुख रूबी ठाकुर, प्रमुख प्रशासकीय अधिकृत अजयकुमार श्रीवास्तव, स्वास्थ्य शाखा प्रमुख जनस्वास्थ्य निरीक्षक शिव पटेललगायतको सहभागिता थियो।



कार्यक्रममा स्वास्थ्य कार्यालय, पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले प्रशिक्षण दिएका थिए। कार्यक्रममा नगर प्रमुख चौहानलाई पोखरिया नपाका १० वटा वडालाई चार महीनासम्म पुग्ने बायो-डर्ट कीटनाशक औषधि १६० बोतल तथा सो औषधि छर्न १० थान स्प्रे टङ्की हस्तान्तरण गरिएको थियो।

## सन्दर्भः नेपाल पत्रकार ...

युनियनले यस अघि गत शनिवार पत्रकार महासङ्घको केन्द्रदेखि जिल्ला शाखाहरूमा तालाबन्दी गरेको थियो। नयाँ सदस्यता वितरणमा जिल्ला र प्रदेशबाट भएका सिफारिशविपरीत केन्द्रले एक हजार तीन सय बढी सदस्य थप गरेको भन्दै शुरूमा प्रेस सङ्गठनबाहेक युनियन, चौतारी, मञ्चले महासङ्घमा तालाबन्दी गरेका थिए।

पछिल्लो विकसित घटनाक्रममा युनियन यो सदस्यता वितरणको विरोधमा एक्लो देखिएको छ। महासङ्घको निर्वाचन गत जेठ २६ गते तोकिएको थियो। तर निर्धारित समयमा चुनाव हुन सकेन र अर्को मिति यही असार २२ गते तोकिएको छ।

निर्वाचन नजीकिँदै जाँदा युनियनको विरोधका कारण निर्वाचन समितिले राजीनामा दिइसकेको छ। तर विवाद मत्थर भएको खण्डमा तोकिएको समयमा निर्वाचन गर्न प्रतिबद्ध रहेको समितिले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। २०४६ सालपछि महासङ्घको निर्वाचन तोकिएको समयमा हुँदै आएको थियो। ३४ वर्षको लामो समयपछि पहिलोपटक तोकिएको समयमा निर्वाचन हुन नसकेको हो।

# युवा परिषद्द्वारा अलौंमा वृक्षारोपण

प्रस, वीरगंज, १७ असार/

राष्ट्रिय वृक्षारोपण दिवस-२०८१ को अवसरमा नेपाल युवा परिषद्ले असार १४ देखि २१ गतेसम्म देशभरि "एक युवा एक बिरुवा" अभियान सञ्चालन गरिरहेको छ। सोही क्रममा सोमवार नेपाल युवा परिषद्, पर्साको आयोजना र वीरगंज महानगरपालिका-१७ वडा कार्यालयको सहकार्यमा अलौंमा वृक्षारोपण गरिएको छ।

नेपाल युवा परिषद्का मधेस प्रदेश संयोजक श्रवणप्रसाद साहको अध्यक्षता र वडाध्यक्ष सञ्जीवबहादुर छतकुलीको प्रमुख आतिथ्यमा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रममा वडाध्यक्ष छतकुलीले आफू बाँच्न र अरूलाई बचाउनको लागि हरेक मानिसले कुनै न कुनै बिरुवा रोप्नुपर्ने सुझाए। मानवजीवनलाई अति नै आवश्यक आक्सिजनको खानीको रूपमा रहेका बोटबिरुवाहरूलाई रोपेर त्यसको संरक्षण पनि गर्नुपर्ने बताए। उनले आज रोपिएका वृक्षलाई वडापालिका र स्थानीयको सहकार्यमा संरक्षण गरिने प्रतिबद्धता जाहेर गरे।

अलौं बजार टोलस्थित पोखरी परिसरदेखि सडक छेउछाउ अनि अन्य स्थानमा करीब पाँच सय बिरुवा रोपिएको परिषद्का एसएम जहाँगस्तले बताए।

कार्यक्रममा सशस्त्र प्रहरी बिओपी अलौंका सशस्त्र प्रहरी नायब उपरीक्षक विकास अधिकारी, वडा सदस्यहरू उर्मिला देवी, अमरीदेवी चमइन, नेसार अहमद, नेकपा एमालेका प्रदेश कमिटी सदस्य उस्मान अन्सारी, लोसपाका मधेस प्रदेश कमिटी सदस्य श्रीराम गिरी,



परिषद्का उपाध्यक्ष अजय चौरसिया, स्थानीय गङ्गाधर महतो, कृष्णदेव यादव, बुनेल ठाकुर, शेख मुमताजलगायतले वृक्षारोपण गरेका थिए।


## बालबालिकाप्रति असल व्यवहार गरौं

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरूको कुरा ध्यान दिएर सुनौं,
- उनीहरूको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरूलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका वारेमा जानकार बनौं,
- उनीहरूको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड